का. जि. का. दर्ता नं : १०४ / ०५७ / ०५८
म. क्षे. हु. नि. दर्ता नं : ०८ / ०६७ / ०६८

# अपाङ्ग आवाज
# DISABILITY VOICE

वर्ष १५, अङ्क ५, पूर्णाङ्क १७७, २०७३ भाद्र

सल्लाहकार
तारा वदन सेडाई

सम्पादक
सुदर्शन सुवेदी

संयोजक
जगदीशप्रसाद अधिकारी

व्यवस्थापक
शर्मिला विश्वकर्मा

पत्रकार
गणेश सुवेदी

स्थानीय प्रतिनिधि
विवेक खड्का
विष्णु शर्मा
दल बहादुर सुनार
मदन पौडेल
संगीता पौडेल

बजार प्रतिनिधि
सुनिल वि. क.

लेआउट/डिजाइन
अपाङ्ग आवाज
फोन नं ०१ -५१५५१३४

कभर डिजाइन
Creative
Kamaladi, Kathmandu PH: 9851115202

मुद्रक
सनराइज अफसेट प्रेस
डिल्लीबजार, काठमाण्डौ

प्रकाशक
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
केन्द्रिय कार्यलय
नयाँ बस्ती, काठमाण्डौ, पो. ब. नं: १९४०८
फ्याक्स - ५१५५१३४, फोन: ५१५५१३४
Email: dvoice@dhrcnepal.org.np
Web: www.dhrcnepal.org.np

संस्थागत सहयोग रु. १००/-

## यसभित्र

अन्तर्राष्ट्रिय युवा दिवस ४

अपाङ्गता मैत्री शौचालय निर्माण १४

मोतीसरा वि.क. को जीवनमा आएको परिवर्तन २०

अपाङ्गता भएका महिलाको स्वास्थ्य अवस्था २८

सञ्चार सम्बन्धी आचार संहितामा अपाङ्गताका सवाल सम्बन्धी सुझाव प्रस्तुत ३४

## सबै ठाउँका अपाङ्गताका सवालहरू समावेश गरियोस्

सम्पादक ज्यू नमस्कार, म अपाङ्ग आवाज मासिक पत्रिकाको नियमित त पाठक हुँ । प्राप्त भए सम्म मेले यो पत्रिका नियमित रूपमा पढ्ने गरेको छु । तर केही महिना देखि हामी कहाँ अपाङ्ग आवाज मासिक पत्रिका प्राप्त भएको छैन । किन हो हाम्रो ठाउँमा यो पत्रिका पठाउन छोड्नु भएको हो । यो पत्रिकामा समावेश गरिएका अपाङ्गता सम्बन्धी सामाग्रीहरूले हाम्रो समाजमा भएको अपाङ्गता प्रतिको नकारात्मक सोच हटाउनको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । त्यसै गरी यो पत्रिकामा समावेश गरिएका अपाङ्गता सम्बन्धी सामाग्रीहरू अध्ययन गर्नाले हामीले पनि धेरै कुराहरू सिक्न र बुझ्न पाएका थियौ । हाल केही समय यता अपाङ्ग आवाज मासिक पत्रिका हामी कहाँ उपलब्ध नभएको कारण देशका विभिन्न जिल्लाहरूमा अपाङ्गता भएका व्यक्तिहरूका बारेमा के कस्ता कार्यक्रमहरू भएका छन् भन्ने बारेमा केही जानकारी लिनबाट वञ्चित हुन परेको आभास भएको छ । त्यसैले अबका अपाङ्ग आवाज मासिक पत्रिका प्रकाशन भए पछि जति सक्दो छिटो पठाई दिएमा हामीले समयमा नै यो पत्रिकामा प्रकाशन भएका सामाग्रीहरू अध्ययन गर्न सक्ने थियौ । त्यसैले अबका दिनमा समयमा नै अपाङ्ग आवाज मासिक पत्रिका समयमा नै उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु । यो पत्रिकामा समावेश गरिएका अपाङ्गता सम्बन्धी सबै सामाग्रीहरू ज्यादै उपलब्धी मूलक रहेका छन् । अबका दिनमा पनि सबै क्षेत्र तथा जिल्लाहरूमा रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई पनि समावेश गर्नु होला र यो पत्रिका नियमित रूपमा प्रकाशन गरी सबै ठाउँमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा पुऱ्याउनुभएमा यो पत्रिका सबैले अध्ययन गर्न सक्ने थिए ।




नविन दाहाल , तनहुँ

## पत्रिकामा संघर्ष तथा सफलताका कथाहरू पनि समावेश गर्नु होला

अपाङ्ग आवाज मासिक पत्रिकाका सम्पूर्ण साथीहरूमा मेरो नमस्कार । म अपाङ्ग आवाज मासिकको नियमित पाठक हुँ । यो पत्रिकामा समावेश गरिएका सबै सामग्रीहरू अपाङ्गता सान्दर्भिक र उपयुक्त रहेका छन् । यो पत्रिकामा समावेश गरिएका अपाङ्गता सम्बन्धी सामाग्रीहरू सबै जानकारी मूलक हुँदा हुँदै पनि पछिल्लो केही समय देखि यो पत्रिकामा विभिन्न क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरूका संघर्ष तथा सफलताका कथाहरू प्रकाशन भएको पाइएको छैन । त्यसैले यो पत्रिकामा अपाङ्गता भएका व्यक्तिहरूका संघर्ष तथा सफलताका कथाहरुलाई पनि स्थान दिनु होला । त्यसै गरी यो अपाङ्ग आवाज मासिक पत्रिका हामी सबैको भएको हुनाले यो पत्रिकामा विभिन्न प्रकारका अपाङ्गताको बारेमा पनि जानकारी दिनुको साथै राज्यले अपाङ्गता भएका व्यक्तिहरूको लागि के कस्ता सेवा सुविधाहरू उपलब्ध गराएको छ र ती सेवा सुविधा लिनको लागि के गर्नु पर्दछ भन्ने विषयमा पनि जानकारी दिन सकेमा अझ प्रभावकारी हुने थियो । आगामी दिनमा यो विषयमा पनि ध्यान दिनु होला र सबै ठाउँमा रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका आवाजहरूलाई समावेश गर्नु होला । यो पत्रिकाले हामी सबै अपाङ्गता भएका व्यक्तिहरूका आवाजहरूलाई एकरूपताका साथ अगाडि बढाउँदै हाम्रा हक अधिकार सुनिश्चित गर्नको लागि सहयोग गर्दै आएको हुनाले यो अपाङ्ग आवाज मासिक पत्रिकालाई नियमित रूपमा प्रकाशन गर्नु होला र देश भरी छरिएर रहेका सबै अपाङ्गता भएका व्यक्तिहरू समक्ष पुऱ्याउनु होला भन्न चाहन्छु । साथै यो पत्रिकाको उत्तर उत्तर प्रगतिको शुभकामना पनि व्यक्त गर्दछु ।

सुनिता कार्की, पाल्पा

# अपाङ्गता भएका युवाहरूका सवालहरू समावेश गरियोस्

विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि संयुक्त राष्ट्रसंघले "गरिबी उन्मूलन, दिगो उत्पादन र उपभोग प्राप्तिको मार्ग सन २०३० भन्ने अन्तर्राष्ट्रिय नारा तय गरेको र त्यो नारालाई राष्ट्रिय युवा परिषदले आफ्नो देश सुहाउँदो गरी "गरिबी उत्पादनमा युवा प्रतिबद्धता : उत्पादनमा आत्मनिर्भरता" भन्ने नाराका साथ अगष्ट १२ तारिक अर्थात् साउन २८ गते अन्तर्राष्ट्रिय युवा दिवस विभिन्न कार्यक्रमहरूको आयोजना गरि भव्यताका साथ मनाइयो । सन् १९९९ डिसेम्बर १७ मा भएको संयुक्त राष्ट्र संघको साधारण सभाको प्रस्तावले विश्वका सरकारहरूलाई युवा नीति निर्माण गर्न तथा कार्यान्वयन गर्न अनुरोध गर्दै अगष्ट १२ तारिकलाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउन थालिएको हो । विश्वमा यो दिवस सन् २००० देखि मनाउन थालिएता पनि नेपालमा भने यो दिवसलाई सन् २००४ देखि नियमित रूपमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाउँदै आइएको छ । विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत राष्ट्रिय युवा परिषदको आयोजना तथा युवाहरूको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूको सहभागितामा अगष्ट ११ तारिकका दिन पत्रकार सम्मेलन, १२ तारिकका दिन भृकुटीमण्डपबाट भद्रकाली, सहिदगेट, जमल, घण्टाघर हुँदै प्रज्ञा भवन कमलादी सम्म प्रभात फेरीको आयोजना गरेको थियो । प्रभातफेरी कार्यक्रम पश्चात् सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यमा मूल समारोहको समुद्घाटन गर्नुको साथै खेलाडीहरू तथा विभिन्न क्षेत्रमा योगदान पुर्‍याउनु हुने युवाहरूलाई राष्ट्रिय युवा प्रतिभा पुरस्कारद्वारा सम्मान गरियो । विभिन्न कार्यक्रमहरू गरि अन्तर्राष्ट्रिय युवा दिवस मनाइयो । विगतका वर्षहरू देखि अन्तर्राष्ट्रिय युवा दिवस मनाई रहँदा अन्य युवाहरूको साथमा अपाङ्गता भएका युवाहरूले पनि सहभागिता जनाउँदै आएका छन् । तर पनि अन्य नागरिकहरूको तुलनामा आज पनि अपाङ्गता भएका व्यक्तिहरू तथा युवाहरूले सहज रूपमा सबै निकायहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुग्न सकेको छैन । त्यसैले यस्ता दिवसहरू दिवसमा मात्र नभएर सबै नागरिकहरू जस्तै अपाङ्गता भएका नागरिकहरूको लागि पनि पहुँच योग्य कार्यक्रमहरू ल्याउनु जरुरी देखिन्छ । विगतका दिनमा जे जस्तो भए पनि आगामी दिनमा भने अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको समान सहभागिता र उनीहरू अनुकूल हुने कार्यक्रम सञ्चालन गर्न जरुरी छ जसले गर्दा अपाङ्गता भएका युवाहरूले पनि अन्तर्राष्ट्रिय युवा दिवसमा समान सहभागिता जनाउनुको साथै अपाङ्गता भएका युवाहरूका सवालहरूलाई पनि समावेश गर्न सकुन । यस विषयमा सम्बन्धित निकायले विशेष ध्यान दिन जरूरी छ ।

# अन्तर्राष्ट्रिय युवा दिवस र अपाङ्गता भएका युवाहरूका सवालहरू

विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि संयुक्त राष्ट्रसंघले "गरिबी उन्मूलन, दिगो उत्पादन र उपभोग प्राप्तिको मार्ग सन २०३० भन्ने अन्तर्राष्ट्रिय नारा तय गरेको र त्यो नारालाई राष्ट्रिय युवा परिषदले आफ्नो देश सुहाउँदो गरी गरिबी उत्पादनमा युवा प्रतिबद्धता : उत्पादनमा आत्मनिर्भरता" भन्ने नाराका साथ अगष्ट १२ तारिक यही साउन २८ गते अन्तर्राष्ट्रिय युवा दिवस विभिन्न कार्यक्रमहरूको आयोजना गरि देश भर भव्यताका साथ मनाइयो । सन् १९९९ डिसेम्बर १७ मा भएको संयुक्त राष्ट्र संघको साधारण सभाको प्रस्तावले विश्वका सरकारहरूलाई युवा नीति निर्माण गर्न तथा कार्यान्वयन गर्न अनुरोध गर्दै अगष्ट १२ तारिकलाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउन थालिएको हो । विश्वमा यो दिवस सन् २००० देखि मनाउन थालिएता पनि




*अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा युवाहरूद्वारा काठमाण्डौमा निकालिएको र्‍यालीको एक झलक । तस्विर :* ***शर्मिला विश्वकर्मा***

नेपालमा भने यो दिवसलाई सन् २००४ देखि नियमित रूपमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाउँदै आइएको छ । नेपालमा सन् २००४ मा युवा सम्बन्धी काम गर्ने विभिन्न संघ संस्थाहरूको पहलमा पहिलो पटक अन्तर्राष्ट्रिय युवा दिवस मनाइएको थियो । हाल आएर देशका विभिन्न जिल्लाहरूमा युवा दिवसका सन्दर्भमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी यो दिवस मनाउन थालेका छन् । अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूमा अपाङ्गता भएका युवाहरूको सहभागिता भए पनि उनीहरूका सवालहरू पूर्ण रूपमा समावेश हुन सकेका छैनन् ।

सरकारी तथा गैर सरकारी क्षेत्रबाट युवाहरूलाई लक्षित गरी कार्यक्रममा विगतका वर्षहरू देखि अन्तर्राष्ट्रिय युवा दिवस मनाई रहँदा अन्य युवाहरूको साथमा अपाङ्गता भएका युवाहरूले पनि सहभागिता जनाउँदै आएका छन् । यस वर्षको अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा गरिएका विभिन्न कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पनि उल्लेखनीय सहभागिता रहेको थियो । नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत राष्ट्रिय युवा परिषद् काठमाण्डौले २०१६ को अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा अगष्ट ११ तारिकका दिन पत्रकार सम्मेलन, १२ तारिकका दिन भृकुटीमण्डपबाट भद्रकाली, सहिदगेट, जमल, घण्टाघर हुँदै प्रज्ञा भवन

## शिक्षा, स्वास्थ्य, रोजगार लगाएतका सवालहरुलाई मुख्य रुपमा उठाउनु पर्छ



- सरिता लामिछाने, दृष्टिविहिन, गोरखा

अपाङ्गता भएका युवाहरुको सवालको कुरा गर्नु पर्दा अपाङ्गता भएका युवाहरुको शिक्षामा पहुँच पुग्न सकेको छैन । हाम्रा कतिपय क्याम्पस तथा विद्यालयहरु अपाङ्गता मैत्री छैनन् । ह्वीलचियर प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरुले पढ्नको लागि दैनिक रुपमा कक्षामा गएर अध्ययन गर्न सक्ने अवस्था छैन । दृष्टिविहीनहरुले अध्ययन गर्नको लागि शैक्षिक सामाग्रीहरु सहज रुपमा उपलब्ध हुन सकेको छैन । बहिरा व्यक्तिहरुको लागि त झनै कठिन अवस्था रहेको छ । त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरुले रोजगारमा पनि त्यस्तै समस्याहरुको सामना गर्न परेको छ । पछिल्लो समयमा अपाङ्गताको क्षेत्रमा केही काम भएता पनि अपाङ्गता भएका युवाहरुमा भएको सीपको कदर भएको पाइदैन । यस्ता दिवसहरुको अवसरमा युवा सम्बन्धी काम गर्ने विभिन्न संघ संस्थाहरु र सरोकारवाला निकायहरुले अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगार लगाएतका सवालहरुलाई मुख्य रुपमा उठाउन आवश्यक छ । युवा सम्बन्धी संघ संस्थाहरुमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व पनि छैन । हाम्रो समाजमा अपाङ्गताको सवाल अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुले मात्र उठाउनु पर्दछ भन्ने मान्यता अझै पनि रही आएको छ । जसले अधिकांश निकायहरुमा अपाङ्गता भएका व्यक्तिहरु पछाडी परेका छन् । अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा युवा सम्बन्धी काम गर्ने संघ संस्थाहरुले आफ्ना कार्यक्रमहरुमा, कार्यसमितिमा अपाङ्गता भएका व्यक्तिहरुलाई समेट्न जरुरी छ । त्यसैले हरेक सवालहरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई समावेश गर्नु पर्दछ र विभिन्न अवसरहरुको सृजना पनि गर्नु पर्दछ ।

कमलादी सम्म प्रभात फेरीको आयोजना गरेको थियो । नेपालमा राष्ट्रिय युवा परिषद् अन्तर्गत ६० जिल्लामा युवा समितिका अध्यक्षको मनोनयन भइ समितिको कार्यालय समेत स्थापना भएको छ । यी जिल्लाहरूमा पनि अन्तर्राष्ट्रिय युवा दिवस विभिन्न कार्यक्रमको आयोजना गरेर सम्पन्न गरिएको छ । यसै दिवसका अवसरमा ७५ वटै जिल्लाहरूमा जिल्ला युवा समितिको संयोजनमा जिल्ला विकास समिति, जिल्ला खेलकुद विकास समिति, युवा सूचना केन्द्र तथा स्थानीय संघ संस्थाहरूको समन्वयमा साइकल ऱ्याली, अन्तरक्रिया, सडक नाटक, फुटबल प्रतियोगिता, बागमती सरसफाई लगायतका कार्यक्रमहरू सम्पन्न गरियो ।



*अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा कार्यक्रमको उद्‌घाटन गर्नु हुँदै **सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी** । तस्विर : **शर्मिला विश्वकर्मा***

## क्षमता, दक्षता, सीपलाई उपयोग गर्ने अवसर दिनु पर्दछ

**- यमनाथ मैनाली, सदस्य सचिव, राष्ट्रिय अपाङ्ग कोष**

म पनि दुर्घटनाको कारण शारीरिक अपाङ्गता भएको व्यक्ति हु । अपाङ्गता भए पछि अपाङ्गताको क्षेत्रमा नै काम गर्न थाले त्यस पछि राज्यको तर्फबाट अपाङ्गताको सामाजिक, आर्थिक, संस्कृतिक पक्षमा के कस्ता कार्यहरु भएका छन्, के कस्ता नीति नियमहरु तथा सेवा सुविधाहरु रहेका छन् भन्न चासो राख्न थाले । यसका साथै म पनि अपाङ्गताको क्षेत्रमा काम गरि रहेको छु । अन्य नागरिकहरुको तुलनामा अपाङ्गता भएका व्यक्तिहरुको अवस्था ज्यादै संवेदनशिल रहेको छ । विशेष गरि सरोकारवाला निकायहरुले अपाङ्गता भएका व्यक्तिहरुमा भएको क्षमता, दक्षता, सीपलाई कसरी उपयोग गर्ने भनेर चासो देखाएको पाइदैन । त्यसैले युवाको क्षेत्रमा काम गर्ने विभिन्न निकायहरुले पनि अपाङ्गता भएका व्यक्तिहरुका यस्ता सवालहरुलाई सम्बोधन गर्न जरुरी छ । साथै अपाङ्गता भएका व्यक्तिहरुको लागि ग्रामिण स्तर देखि नै शिक्षाका विभिन्न कार्यक्रमहरु ल्याउनु पर्दछ । यस विषयमा सरोकारवाला निकायका साथै युवाको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले विशेष ध्यान दिनु हुन म अनुरोध गर्दछु ।

## अपाङ्गता मैत्री संरचना निर्माण गर्न आवश्यक छ

- नारायण गिरी, अध्यक्ष,
युवा गैर सरकारी संस्था महासंघ

हरेक क्षेत्रहरुमा समावेशी रुपमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच हुनु पर्दछ भन्ने माग हामीले विगतका दिनहरुमा पनि भन्दै आएका हौ । यसै सन्दर्भमा पछिल्लो केही समय देखि अपाङ्गता भएका व्यक्तिहरुका केही सवालहरुलाई सम्बन्धीत निकायले समावेश गर्दै पनि आएको छ । तर केही कुराहरु राज्यले अझै पनि सम्बोधन गर्न बाँकी छ । हाम्रा सबै सार्वजनिक संरचनाहरु अपाङ्गता मैत्री छैनन् जसको कारण अपाङ्गता भएका व्यक्तिहरुले हरेक पलमा समस्याहरुको सामना गर्न परेको छ । अबका दिनमा हामी जस्तै युवाको क्षेत्रमा काम गर्ने विभिन्न निकायहरु र नेपाल सरकारले पनि सबै संरचनाहरु अपाङ्गता मैत्री बनाउन तर्फ ध्यान दिन जरुरी छ । भूकम्प पछि पुर्ननिर्माण कार्यमा देश जुटि रहेको छ । यसै क्रममा हाम्रा संरचनाहरु अपाङ्गता मैत्री बनाउन प्रयत्न गर्ने गरेका छौ । यो पुर्नर्मिाणको सुरुवाती चरणमा नै अपाङ्गता मैत्री बनाउदा ज्यादै राम्रो हुन्छ । अपाङ्गता मैत्री सार्वजनिक संरचनाहरु सरकारी कार्यलयहरु बनाउन सरकारले ध्यान दिन जरुरी छ । यस विषयमा हामीले सरकारको ध्यानाकार्षण पनि गर्ने छौ र सधै अपाङ्गता भएका व्यक्तिहरुको हक हित र अधिकारको लागि काम गर्न तर्फ लागि पर्ने छौ ।

अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा युवाको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूले

## अपाङ्गता भएका युवाहरुको सशक्तिकरणका लागि काम गर्नु पर्दछ



- युवराज कट्टेल,
शारीरिक अपाङ्गता

अन्तर्राष्ट्रिय युवा दिवस मनाई रहेको सन्दर्भमा नेपालमा अपाङ्गता भएका युवाहरुलाई राज्यले दोस्रो नागरिकको रुपमा हेर्ने गरेको विद्यामान परिस्थिति छ तथापी यसमा केही सकारात्मक परिर्वतनहरु पनि भएका छन् । जस्तो युवा नीति आएको छ २०७२ मा यो युवा नीतिमा अपाङ्गता भएका युवाहरुका सवालहरुलाई पनि विशेष प्राथामिकतामा राखेर राज्यका नीति निर्माण तहमा अगाडी बढाउने भन्ने सन्दर्भ पनि जोडेको छ । अपाङ्गता भएका युवाहरुको शसक्तिकरणका निम्ति क्षमता विकासमा राज्यले विशेष ध्यान दिन जरुरी छ । हाम्रा युवाहरु विदेशबाट अपाङ्गता भएर आएका हुन्छन् उनीहरुको लागि पनि काम गर्न जरुरी छ र त्यसै गरि युवा उद्यमशिलताको विकास गर्न जरुरी छ । अपाङ्गता र साङ्ग युवाहरु विचमा विभेद हुन भएन । समान समावेशीकरणको नीति अनुसार उनीहरुलाई अगाडी बढाउन जरुरी छ । अझ पनि ग्रामीण क्षेत्रमा अपाङ्गता भएका व्यक्ति प्रतिको नकारात्मक धारणा हटन सकेको छैन । चेतना फैलाउनु पर्दछ । उसको क्षमता अनुसारको अपाङ्गता अनुकुलताको वातावरणको निर्माण गर्न काम गर्नु पर्दछ । अहिले सम्म अपाङ्गता भएका व्यक्तिहरुलाई हेयको रुपमा हेरको पाइको छ ।

युवाहरूका समस्या समाधानको लागि, उनीहरूलाई स्वदेशमा नै रोजगार उपलब्ध गराउनु पर्ने, उनीहरूको श्रमको मूल्याङ्कन हुनु पर्ने युवाहरूलाई लक्षित गरेर विभिन्न कार्यक्रमहरू ल्याउनु पर्ने लगायतका विषयमा आवाज उठाउँदै आएका छन् । त्यसै गरी युवाहरूका लागि विभिन्न नीति तथा कार्यक्रमहरू पनि बनेका छन् । यस्ता नीति तथा कार्यक्रमहरूमा अन्य युवाहरू जस्तै अपाङ्गता भएका युवाहरूको पनि सक्रिय सहभागिता हुन सकेको छैन । अन्य नागरिकहरूको तुलनामा आज पनि अपाङ्गता भएका व्यक्तिहरू तथा युवाहरूले सहज रूपमा सबै निकायहरूमा समान सहभागिता जनाउनबाट पछाडी परेको अवस्था छ । वैदेशिक रोजगारीको लागि विभिन्न खाडी मूलकमा गएर परिश्रम गर्ने क्रममा अंगभङ्ग भई अपाङ्गता भएका व्यक्तिहरूको अवस्था ज्यादै नाजुक र दर्दनाक रहेको छ । यस्ता व्यक्तिहरूको पुनर्स्थापनाका लागि पनि नेपाल सरकार तथा युवाको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूले चासो देखाउन जरुरी छ । आगामी दिनमा राज्यले अपाङ्गता भएका युवाहरूको सशक्तिकरणको निम्ति क्षमता तथा उद्यमशिलताको विकासको राष्ट्रिय युवा परिषद् तथा अन्य सम्बन्धित निकायले पहल




*अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा न्यून दृष्टियुक्त अपाङ्गता भएका व्यक्ति **कुमार पौडेल**लाई राष्ट्रिय युवा प्रतिभा पुरस्कारद्वारा सम्मान गर्नुहुँदै **सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी** । तस्विर : **शर्मिला विश्वकर्मा***

## अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई सम्बोधन गरिनु पर्दछ

**- अस्मिता अर्याल, विद्यार्थी, काठमाण्डौं**

हाम्रो समाजमा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु हुनु हुन्छ । अन्य व्यक्तिहरुले जस्तै उनीहरुले पनि राज्यका हरेक निकायमा विना अवरोध जान पाउनु पर्दछ तर हाम्रा भौतिक संरचनाहरु अपाङ्गता मैत्री नभएको कारणले अधिकांश अपाङ्गता भएका व्यक्तिहरुले दैनिक रुपमा नै कठिनाईका तथा अवरोधको सामना गर्न परेको अवस्था छ । यस विषयमा नेपाल सरकार र युवाहरुको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले विशेष रुपमा चासो दिएर काम गर्नु पर्दछ । त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरुका लागि पनि विभिन्न प्रकारका नीति तथा नियमहरु बनेका छन् तर ती नीति नियमहरु पूर्ण रुपमा कार्यन्वयन भएको पाइदैन । सरकारी कार्यलय तथा यातायातका साधनहरु पनि उनीहरुको लागि अपाङ्गता मैत्री छैनन । उनीहरुका अधिकांश सवालहरुलाई सम्बोधन गरिएको पाइदैन । अपाङ्गता भएका व्यक्तिहरुलाई पनि समाजमा अन्य नागरिक सरहको सेवा सुविधाहरु उपलब्ध गराउनु पर्दछ र उनीहरुका सवालहरुलाई सम्बोधन गर्नु पर्दछ । अवसर पाएको खण्डमा अपाङ्गता भएका व्यक्तिहरुले आफुमा भएको सीपको उपयोग गर्न सक्षम हुन्छ त्यसैले उनीहरुको लागि क्षमता अनुसारको सीप प्रदान गर्ने लगाएतका कार्यक्रमहरु ल्याउनु पर्दछ । यो वर्षका अन्तर्राष्ट्रिय युवा दिवसले यस्ता अपाङ्गता भएका युवाहरुका यस्ता सवालहरुलाई सम्बोधन गरोस् भन्न चाहन्छु ।

गर्न जरुरी देखिन्छ ।

हाम्रो समाजमा अन्य युवाहरूको तुलनामा अपाङ्गता भएका युवाहरूका शिक्षा, स्वास्थ्य,

## अपाङ्गता भएका व्यक्तिहरु प्रति सकारात्मक परिर्वतन आएको छ



**- महेन्द्र थापा, अध्यक्ष, राष्ट्रिय अपाङ्ग युवा सञ्जाल नेपाल**

अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा हामीले युवाको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुसँगै मिलेर अन्तर्राष्ट्रिय युवा दिवस विभिन्न कार्यक्रमहरु गरेर मनाइयो । विगतक वर्षहरुको तुलनामा पछिल्ला समयहरुमा हामी अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई पनि न्यून मात्रमा भए पनि समावेश गर्न थालिएको छ । सबैको साथ र सहयोगले गर्दा हामीले हाम्रा सवालहरुलाई स्थापित गर्न पाएका छौ । हाम्रा नीतिगत सवाललाई पनि सम्बोधन गरिएको र हिजोको तुलनामा अपाङ्गता भएका व्यक्तिहरुका सवालमा प्रचार प्रसार पनि राम्रो भएको पाइएको छ । जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरुका मुद्दालाई समावेश गर्नको लागि थप बल पनि पुगको छ । अपाङ्गता भएका युवाहरुका रोजगार, शिक्षाका सवालहरु टड्कारोको रुपमा देखा परेका छन् । अबका दिनहरुमा अपाङ्गता भएका युवाहरुलाई उनीहरुको आफ्नो सीप र दक्षतालाई प्रदर्शन गरेर यो देशमा उनीहरुको सीप र क्षमतालाई प्रयोग गर्नु पर्दछ । अबका दिनमा अपाङ्गता भएका युवाहरुको शिक्षा तथा रोजगारीको लागि वकालत गरेर उनीहरुका सवालहरु स्थापित गर्न सकियो भने पक्कै पनि हामीले हाम्रो लक्ष्य प्राप्त हुन सक्छ र यसै दिशा तर्फ सबै लाग्नु पर्दछ ।

## अपाङ्गता भएका व्यक्तिहरुको लागि पनि कार्यक्रम ल्याउनु पर्दछ

**- शोभा थापा मगर, विद्यार्थी, नेपालगञ्ज**

अपाङ्गता भएका व्यक्तिहरु पनि यही देशका नागरिकहरु हुन । कुनै विभेद नगरिकन अपाङ्गता भएका युवाहरुलाई पनि अन्य नागरिक सरह प्राथामिकताका साथ विभिन्न कार्यक्रमहरुमा सहभागि गराउने अवसरहरु उपलब्ध गराउन जरुरी छ । उहाँहरुका सवालहरुलाई सम्बोधन गरेर नेपाल सरकार तथा युवाको क्षेत्रमा काम गर्ने विभिन्न निकायहरुले विभिन्न कार्यक्रमहरु ल्याउनु पर्दछ । हाम्रो सहयोगको आवश्यकता हुने अपाङ्गता भएका व्यक्तिहरुलाई हामीले सक्दो सहयोग गर्नु पर्दछ । अपाङ्गता भएता पनि उनीहरुले अवसर पाएको खण्डमा हरेक कामहरु गर्न सक्षम छन् । त्यसैले हामीहरुले उनीहरुलाई नकारात्मक दृष्टिकोणले हेर्नु हुदैन । उनीहरुलाई पनि अवसर दिएर अगाडि बढाउनु पर्दछ । त्यसैले अपाङ्गता भएका व्यक्तिहरुलाई विभेद नगरौ, उनीहरुलाई पनि हामीसँग सँगै हात हात मिलाएर विभिन्न कार्यहरुमा सहयोग गर्नु जरुरी छ । यो अन्तर्राष्ट्रिय युवा दिवसले सबै प्रकारका अपाङ्गता भएका युवाहरुका सवालहरुलाई सम्बोधन गरोस् भन्न चाहन्छु ।

## अपाङ्गताका सवाललाई प्राथामिकताका साथ समावेश गर्ने छौ



**- त्रिलोत्तम पौडेल, अध्यक्ष, बाल तथा युवा सरोकार नेपाल**

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण युवाहरुलाई मेरो व्यक्तिगत र संस्थागत तर्फबाट शुभकामना दिन चाहन्छु । हामीले अन्य नागरिकहरु जस्तै अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई पनि सम्बोधन गर्ने प्रयास गरेका छौ । यस्ता दिवसहरुको अवसरमा अपाङ्गता भएका व्यक्तिहरुको तथा सीपलाई हामीले कदर गर्नु पर्दछ । हामी हाम्रो संस्थाको तर्फबाट अन्य युवाहरुको साथै अपाङ्गता भएका युवाहरुका सवालहरु समावेश गर्नको लागि पनि लागि परेका छौ । अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई, उहाँहरुमा भएको सीप तथा प्रतिभालाई, उहाँहरुका समस्याहरु समाधानको लागि अन्य युवाहरुका विचमा सार्वजनिक गर्ने, प्रतिभाको कदर गरि पुरस्कृत गर्ने कार्यलाई अझ प्राथामिकताका साथ अगाडी बढाउनको लागि हामी पहल गर्ने छौ र यस विषयमा सरकालाई पनि झक्झक्याउने छौ । यस विषयमा नेपाल सरकारले पनि संवेदनशिल भएर सोच्नु पर्दछ । हामी पनि आगामी दिनमा अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य तथा अन्य सवालहरुको बारेमा काम गर्नको लागि प्रयत्नशिल रहने छौ ।

रोजगार, अपाङ्गता अनुकूलको वातावरण, समान सहभागिता, अपाङ्गता अनुकूलको संरचना निर्माण लगायतका विषयमा केही सवालहरू उठ्न थाले पनि सम्बन्धित निकायमा ती सवालहरूले पूर्ण रूपमा स्थान पाएको भने

# हाम्रा कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुलाई पनि समावेश गर्ने छौ



**- माधव ढुङ्गेल, उपाध्यक्ष, राष्ट्रिय युवा परिषद**

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरुमा हामीले अपाङ्गता भएका युवहरुलाई पनि समावेश गरेर यो दिवस सम्पन्न गरी सकेका छौ । अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा विभिन्न क्षेत्रमा योगदान दिनु भएको २१ जना युवाहरुलाई राष्ट्रिय युवा प्रतिभा पुरस्कारबाट सम्मान गरियो । ती २१ जना मध्ये २ जना अपाङ्गता भएका व्यक्तिहरुमा शारीरिक अपाङ्गता र न्यूनदृष्टियुक्त अपाङ्गता भएका व्यक्तिहरुलाई पनि सम्मान गरियो । हामीले आगामी दिनमा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरुमा पनि अपाङ्गता भएका व्यक्तिहरुलाई समावेश गर्ने छौ । राष्ट्रिय युवा परिषदमा पनि अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व गरेका छौ । प्रत्येक युवा परिषदले आयोजना गर्ने कार्यक्रमहरुमा, युवा परिषदले बनाउने आफ्नो भवन र आफ्ना सबै संरचनाहरुमा अपाङ्गता मैत्री बनाउने, अन्य भवन र सडकहरु अपाङ्गता मैत्री बनाउने कार्यमा सहयोग गर्ने छौ । हामीले अपाङ्गता भएका व्यक्तिहरुको योग्यता, क्षमता, सीप, प्रतिभाको कदर गर्दै उनीहरुको योग्यता, क्षमता विकास र उनीहरुमा भएको सीपलाई कसरी उपयोग गर्ने भन्ने कुरामा काम गर्ने छौ । उनीहरु मैत्री वातावरण, कानून, सडक, भवन, खेलकुद लगाएतका सबै संरचनाहरु अपाङ्गता मैत्री बनाउनको लागि युवा परिषदले सधै ध्यान दिने छ । हामी सधै अपाङ्गता भएका व्यक्तिहरुको साथमा रहने छौ र हाम्रा हरेक कार्यहरुमा उनीहरुको सहभागिता गराउने छौ ।

पाइँदैन । हाम्रो देशमा राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०१५ र राष्ट्रिय युवा परिषद् ऐनमा रहेका युवा लक्षित मुद्दाहरू कार्यान्वयन गर्न, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नै आवाज बुलन्द गर्न जरुरी देखिन्छ । पछिल्लो केही समय यता देशका विभिन्न जिल्लाहरूमा पनि युवा दिवसका सन्दर्भमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी यो दिवस मनाउन थालिएको छ । यसका साथै सरकारी क्षेत्रबाट पनि युवाहरूलाई लक्षित गरी विभिन्न कार्यक्रमहरू आयोजना गर्न थालिएको छ । नेपालमा जसरी युवा दिवसले व्यापकता पाउन थाल्यो त्यसै गरी युवा सम्बन्धी नीति कार्यक्रम र संरचनामा पनि प्रगति भएको भए पनि अपाङ्गताको सवालमा यस्ता कार्यक्रमहरू सञ्चालन भएको पाइँदैन । हालसालै राष्ट्रिय युवा परिषद् गठनका क्रममा एक जना अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व भने गरिएको छ । यो अपाङ्गता जगतको लागि खुसीको कुरा हो । आगामी दिनमा पनि युवा सम्बन्धी गरिने विभिन्न कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पनि

## अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता सुनिश्चित गर्नु पर्दछ

**- टेकराज लामिछाने, सुर्खेत**

अहिले हामी सबै युवाहरु मिलेर यो अन्तर्राष्ट्रिय युवा दिवस मनाई रहेका छौ । जसरी हामी आ-आफ्ना क्षेत्र वा वर्गका युवाहरुका सवालहरु समावेश हुनु पर्ने भन्ने मागहरु राखि रहेका छौ । त्यसरी नै सम्पूर्ण अपाङ्गता भएका युवाहरुका सवालहरुलाई पनि सरोकारवाला निकायहरुले सम्बोधन गर्नु पर्दछ । उनीहरु अनुकूलको संरचनको विकास गर्नुको साथै युवा अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगार तथा अन्य सवालहरुमा युवाको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले चासो राखेर उनीहरुका सवालरु सम्बोधन हुने गरी काम गर्न आवश्यक छ । यसका साथै युवाको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले गर्ने विभिन्न कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता सुनिश्चित गराउन तर्फ पनि ध्यान दिनु पर्दछ । यस विषयमा नेपाल सरकारले पनि विशेष सहयोग गर्नु पर्दछ । यो दिवसका अवसरमा अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारका सवालहरु समावेश गरियोस् भन्न चाहन्छु । हामी जस्तै अन्य युवाहरु मिलेर उनीहरुको जीवन यापनको सहज वातावरण निर्माण गर्न सहयोग गर्नु पर्दछ र हामी सदैव अपाङ्गता भएका व्यक्तिहरुको साथमा रहने छौ ।

उल्लेखनीय सहभागिता हुन जरुरी देखिन्छ । विगतका वर्षहरूमा भन्दा पछिल्ला केही समय यता युवाहरूको क्षेत्रमा काम गर्ने संघ संस्थाहरूले आफ्ना कार्यक्रमहरूमा अपाङ्गता भएका युवाहरूका सवालहरूलाई समावेश गर्दै आएता पनि सबै निकायमा अपाङ्गता भएका सबै युवाहरूका सवालहरू पूर्ण रूपमा समावेश हुन सकेका छैनन् ।

## अपाङ्गता प्रतिको नकारात्मक सोच हटाउनु पर्दछ

**- तिलक भट्टराई, कर्मचारी भि.एस.ओ.**

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा म सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गरियोस्, उहाँहरुका विभिन्न सवालहरुलाई सम्बोधन गरियोस भनेर शुभकामना दिन चाहन्छु । त्यसै गरेर अपाङ्गता भएका व्यक्तिहरुमा भएको क्षमता, प्रतिभाको प्रष्फुटन हुने वातावरणको सृजना हुन जरुरी छ । यो वातावरण हामी जस्तै युवाहरुले बनाउनु पर्दछ । अन्तर्राष्ट्रिय युवा दिवस मनाउने क्रममा पनि हामीले यस्ता कुराहरुमा विचार गर्न जरुरी छ । यस्ता कार्यक्रमहरुमा पनि उहाँहरुका सवालहरुलाई समावेश गर्न, उहाँहरुको सक्रिय सभागिताको लागि हामीले चासो दिनु पर्दछ । हाम्रो समाजमा अपाङ्गता भए पछि उसको जीवन बर्बाद भयो भन्ने जुन नकारात्मक सोच छ त्यो गलत हो । अवसर पाएको खण्डमा र अपाङ्गता मैत्री वातावरण निर्माण गर्ने हो भने उहाँहरुले पनि अन्य नागरिकहरुले जस्तै काम सम्पन्न गर्न सक्षम हुनु हुन्छ । हामीले उहाँहरुमा भएको क्षमताको पहिचान गरि उक्त क्षमताको कदर गर्न जरुरी छ । यो अन्तर्राष्ट्रिय युवा दिवसले यस्ता विषयमा आवाज उठाओस् भन्ने शुभकामना दिन चाहन्छु ।




*अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा शारीरिक अपाङ्गता भएका व्यक्ति **अमिर बम्जन**लाई राष्ट्रिय युवा प्रतिभा पुरस्कारद्वारा सम्मान गर्नुहुँदै **सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी** । तस्विर : **शर्मिला विश्वकर्मा***

अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउनु हुने २१ जना युवाहरूलाई राष्ट्रिय युवा प्रतिभा पुरस्कारद्वारा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले नगद रु १ लाख नगद सहित सम्मान पत्रद्वारा सम्मान गर्नु भएको थियो । ती २१ जना युवाहरू मध्ये शारीरिक अपाङ्गता भएका व्यक्ति अमिर बम्जन र न्यून दृष्टियुक्त व्यक्ति कुमार पौडेललाई पनि राष्ट्रिय युवा प्रतिभा पुरस्कारद्वारा सम्मान गरिएको थियो । आगामी दिनमा पनि यस्ता विभिन्न प्रतिभा भएका अपाङ्गता भएका व्यक्तिहरूको प्रतिभाको कदर हुन जरुरी छ र युवाको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूले आफ्ना कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्न आवश्यक देखिन्छ । तव मात्र यस्ता दिवसहरू मनाउनको सार्थकता रहन्छ । यस्ता विषयहरूमा अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई समावेश गर्न तर्फ सम्बन्धित निकायको ध्यान केन्द्रित हुनु पर्दछ र यस विषयमा राष्ट्रिय युवा परिषदको साथै युवाहरूको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूले पनि चासो देखाउनु पर्ने जरुरी देखिन्छ ।

# अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माण गरिदैं

मानिसलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको साथै शौचालयको पनि आवश्यकता हुने गर्दछ । काठमाण्डौ उपत्यकामा भएका सार्वजनिक शौचालय प्रयोग गर्नका लागि त्यहाँ रहेको एउटा खुड्किलोले मात्र पनि ह्वीलचियर तथा अन्य सहयोगी सामाग्री प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरूलाई कठिन हुने गर्दछ । कुनै व्यक्तिहरूको सहयोगमा ह्वीलचियर उचालेर शौचालय सम्म पुगे पनि ढोकाबाट ह्वीलचियर जान वा घुम्न नै सक्दैन भने ढोकाका चुकुल भेट्न पनि सकिँदैन । देशका विभिन्न स्थानहरूमा जस्तै काठमाण्डौ उपत्यकामा पनि सार्वजनिक शौचालयको निर्माण गरिएको छ । तर ती कुनै पनि

## यो शौचालय पूर्ण रूपमा अपाङ्गता मैत्री नै हुने छ



**- निर्मला धिताल, अध्यक्ष, नेपाल अपाङ्ग महिला संघ**

हामी कहाँ अहिले भएका सार्वजनिक शौचालयहरू कुनै पनि अपाङ्गता मैत्री छैनन् । भएका सार्वजनिक शौचालयहरूमा अधिकांश अपाङ्गता भएका व्यक्तिहरू जान सक्दैनन् । यस्ता समस्याहरूलाई समाधान गर्नको लागि हामीले काठमाण्डौको भृकुटीमण्डपमा एक मात्र अपाङ्गता मैत्री सार्वजनिक शौचालय बनाउन लागेका छौं र अरू सार्वजनिक शौचालयहरू बनाउँदा पनि यो शौचालयलाई हेरेर यस्तै प्रकारको शौचालय निर्माण होस् भनेर हामीले यो शौचालय निर्माण गर्न लागेका हौं । यो भवन निर्माणको कार्य करिब अन्तिम अन्तिम चरणमा पुगेको छ । यो शौचालय निर्माणको लागि नेपाल अपाङ्ग महिला संघले यो कार्यमा समन्वयकारी भूमिका खेलेको छ । विभिन्न समयमा यस विषयमा छलफल गर्ने, के भएको छ भनेर रिपोर्टहरू तयार गर्ने लगायतका कामहरू गरेका छौं । यहाँ यो शौचालय निर्माण गरे पछि सानो कफि वा चिया पसल पनि सञ्चालन गर्ने योजना रहेको छ । यो सार्वजनिक शौचालय पूर्ण रूपमा अपाङ्गता मैत्री नै हुने छ र अन्तर्राष्ट्रिय मापदण्ड र नेपाल सरकारले ल्याएको अपाङ्गता भएका व्यक्तिहरूको लागि भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका अनुरूप निर्माण गरिएको कारण यो पूर्ण रूपमा अपाङ्गता मैत्री नै हुने छ । यो आय आर्जन गर्ने थलो पनि हो र हाम्रो समाजमा अपाङ्गता मैत्री संरचनामा सार्वजनिक शौचालय नभएको अवस्थामा यो एक मात्र अपाङ्गता मैत्री शौचालय निर्माणको लागि अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था तथा ए.आइ.एन. तथा अन्य विभिन्न संघ संस्थाहरू मिलेर निर्माण गरिएको कारण यो अपाङ्गता मैत्री हुन्छ ।



सार्वजनिक शौचालयहरूमा अधिकांश अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुग्न सकेको छैन । यस्ता समस्याहरूलाई मध्य नजर गरेर अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सञ्जाल अर्थात् ए.आइ.एन.को अपाङ्गता कार्य समूह समाज कल्याण परिषद्, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र नेपाल अपाङ्ग महिला संघको सहकार्यमा काठमाण्डौको भृकुटीमण्डपमा अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माण हुँदै छ । काठमाण्डौं भित्र रहेका जति पनि सार्वजनिक शौचालयहरू मध्ये एउटा पनि अपाङ्गता मैत्री भएको पाइँदैन ।

जसको कारणले अधिकांश अपाङ्गता भएका व्यक्तिहरूले आफू मैत्री सार्वजनिक शौचालयको अभावमा दिसा पिसाबलाई पनि सहज रूपमा व्यवस्थापन गर्न पाएका छैनन् । यस्ता समस्याहरूलाई मध्य नजर गर्दै अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सञ्जाल अर्थात् ए.आइ.एन. अपाङ्गता कार्य समूह को सहयोगमा काठमाण्डौको भृकुटीमण्डप स्थित मुख्य गेटको दाँया तर्फ अपाङ्गता मैत्री सार्वजनिक शौचालय निमार्णको कार्य थालनी गरेको छ ।

वाटर एड नामक संस्थाले गरेको एक सर्वेक्षण अनुसार काठमाण्डौ उपत्यकामा ६१ वटा सार्वजनिक शौचालयहरू रहेका छन् । ती ६१ वटा सार्वजनिक शौचालयहरू मध्ये



## अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माण कार्यक्रममा सबैको साथ र सहयोग मिलेको छ



**- शौरभ शर्मा, संयोजक, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सञ्जाल, ए.आइ.एन, अपाङ्गता कार्य समूह**

अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सञ्जाल अर्थात् ए.आइ.एन.ले विभिन्न गैर सरकारी संघ संस्थाहरू र अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्थाहरूको सहयोगमा अपाङ्गता भएका व्यक्तिहरूको लागि सुलभ र सहज होस भनेर काठमाण्डौमा अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माण गर्ने भनेर समाज कल्याण परिषद् सँग सम्झौता गरेका थियौ । सोही सम्झौता अनुसार अहिले उक्त शौचालय निर्माण भइ रहेको छ । यो शौचालय निर्माणको लागि अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरू तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपालसँग पनि सल्लाह तथा सुझावहरू लिइ रहेका छौं । यो शौचालय अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक तथा अन्य व्यक्तिहरूको पहुँचमा पुग्ने गरि निर्माण गरिने छ । करिब १ हजार स्क्वायर फिटको संरचनामा बन्ने शौचालयमा ३ वटा फरक फरक क्याविन हुनेछन् । यसमा अपाङ्गता भएका व्यक्तिहरू, महिला र पुरुषहरूको लागि छुट्टा छुट्टै कोठा हुने गरि निर्माण गरिदै छ । त्यहाँ स्टोर रूम, चिया वा कफि पसल सञ्चालन गर्नको लागि पनि पनि सोच बनाएर यो निर्माण गरिएको छ । यो शौचालयले आय आर्जनको लागि पनि केही आम्दानी पनि गरोस भनेर यो खालको अवधारणा ल्याइएको हो । अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माणको लागि काठमाण्डौंको भृकुटीमण्डप नै रोज्नुको कारण यो क्षेत्र पनि ठूलो छ , यहाँ विभिन्न समयमा विभिन्न कार्यक्रमहरू पनि हुने गर्दछन् , त्यो क्षेत्रमा धेरै जसो अपाङ्गता भएका व्यक्तिहरू पनि आउने, जमघट गर्ने भएको ले यो ठाउँ रोजिएको हो । यो जग्गा समाज कल्याण परिषदले पहल गरेर गृह मन्त्रालय मार्फत हामीलाई उपलब्ध गराउनु भएको छ । यस कार्यमा सबैको साथ र सहयोग मिलेको छ ।

एउटा पनि शौचालय अपाङ्गता अनुकूलको अर्थात् अपाङ्गता मैत्री भएको पाइँदैन । सार्वजनिक शौचालय अपाङ्गता मैत्री नभएकै कारण कतिपय अपाङ्गता भएका व्यक्तिहरूले दिनहुँ दिसा पिसाब व्यवस्थापन गर्न समस्याको सामना गर्न परेको छ । गत वर्ष २०१५ नोभेम्बर १९ तारिकका दिन विश्व शौचालय दिवसको अवसरमा काठमाण्डौको भृकुटीमण्डपमा अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माण गर्न भनि अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सञ्जाल ए.आइ.एन. अन्तर्गत अपाङ्गताका कार्य समूहका संयोजक शौरभ शर्मा र समाज कल्याण परिषद्की तत्कालिन निमित्त निर्देशक सुभद्रा दाहाल बीच सहमति पत्रमा हस्ताक्षर गर्नु भएको थियो । यो शौचालय निर्माण गर्न गर्नको लागि समाज कल्याण परिषदले जग्गा पनि उपलब्ध गराउनुको साथै नक्सा पास गर्न



*काठमाण्डौको भृकुटीमण्डपमा निर्माण हुन लागेको अपाङ्गता मैत्री सार्वजनिक शौचालय । तस्विर :* ***शर्मिला विश्वकर्मा***

र अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माणका लागि सल्लाह सुझावहरू पनि दिँदै आएको छ । अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सञ्जाल ए.आइ.एन. अपाङ्गता कार्य समूहको सक्रियता तथा समाज कल्याण परिषद्, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र नेपाल अपाङ्ग महिला संघको सहकार्यमा भृकुटीमण्डपमा निर्माण हुन लागेको सार्वजनिक शौचालयको निर्माण कार्य तिब्र गतिमा भइरहेको सार्वजनिक शौचालयलाई अपाङ्गता मैत्री बनाउनको लागि अन्य विभिन्न संघ संस्थाहरूको पनि सल्लाह सुझाव उपलब्ध गराउँदै आइरहेको छ । महिला, पुरुष र अपाङ्गता भएका व्यक्तिहरूको लागि ३ कोठाको भवन निर्माण गरिदैं छ । करिब १ हजार स्क्वाइर फिटको संरचनामा निर्माण हुने शौचालयका साथै एउटा क्याविन, स्टोर रुम, एटिएम बुथ हुनुको साथै चिया तथा कफी पसल सञ्चालन गर्ने गरि निर्माण गरिँदै छ । अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माणका साथै आय आर्जन कार्यलाई पनि सँगसँगै लैजाने अवधारणा अनुसार यो भवन निर्माणको क्रममा रहेको छ ।

सन् २०१५ नोभेम्बर १९ तारिकका दिन विश्व शौचालय दिवसको अवसरमा अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माण गर्ने भनि सम्झौता गरे पनि देशमा भएको राजनीतिक कारण, नाकाबन्दी जस्ता अवरोधको कारण निर्माण कार्यमा केही ढिलाई भए पनि अब छिटो नै यो कार्य सम्पन्न हुँदै छ । यो शौचालय नेपाल सरकारले ल्याएको अपाङ्गता भएका व्यक्तिहरूको भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९ र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाइँदै छ । यो शौचालय सबै व्यक्तिहरूको लागि मैत्री हुने छ र अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूसँग छलफल गरी यो शौचालय

# राष्ट्रिय अपाङ्ग महासंघ नेपालको पनि सक्रियता रहेको छ



- मनिष प्रसाइँ, प्रशासकीय व्यवस्थापक,
राष्ट्रिय अपाङ्ग महासंघ नेपाल

काठमाण्डौको भृकुटीमण्डपमा बन्न लागेको अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माणको लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपालको पनि समन्वयकारी भूमिका रहेको छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सञ्जाल अर्थात् आइ..आइ.एन.ले नेपाल अपाङ्ग महिलासंघसँग मिलेर अपाङ्गताा मैत्री शौचालय निर्माण गर्दै छ । यो कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालको पनि सक्रियता रहेको छ । काठमाण्डौको भृकुटीमण्डपमा बन्दै गरेको यो अपाङ्गता मैत्री शौचालय निर्माणको क्रममा यो शौचालय कस्तो बन्दै छ भनेर समय समयमा अनुगमन गर्ने, आवश्यक सरसल्लाह दिने, सुझाव दिने काम गरि रहेका छौं । अपाङ्गता मैत्री सार्वजनिक शौचालय नभएको कारण अपाङ्गता भएका व्यक्तिहरूले भोग्न परेको समस्यालाई मध्य नजर गरेर यो सार्वजनिक शौचालय निर्माण गर्न लागिएको हो । यो नेपाल सरकारले एउटा मापदण्ड तयार गरेको छ अपाङ्गता भएका व्यक्तिहरूको लागि भौतिक संरचना कसरी बनाउने भनेर तयार गरेको छ । यो शौचालय निर्माण गरे पछि अन्य शौचालयहरू कसरी निर्माण गर्ने भन्ने कुराहरूको बारेमा अन्य व्यक्तिहरूलाई जानकारी पनि होस् अब सार्वजनिक शौचालयहरू निर्माण गर्दा अपाङ्गता मैत्री बनाउनु पर्ने रहेछ भन्ने कुराको ज्ञान होस् भनेर पनि हामीले यो अपाङ्गता मैत्री शौचालय निर्माण गर्न लागेका हौं । नेपाल सरकारको मापदण्ड अनुसार यो शौचालय अपाङ्गता मैत्री बन्ने छ । सोही अनुसार निर्माणको काम भएको छ । भृकुटीमण्डप अपाङ्गता भएका व्यक्तिहरूको बढी जमघट हुने ठाउँ भएको, धेरै मानिसहरूको आवत जावत हुने ठाउँ भएको कारणले त्यहाँ नै निर्माण गर्न लागिएको हो । त्यसै गरी सबै सार्वजनिक शौचालयहरू अपाङ्गता मैत्री छैनन् । जसको कारण सहज रूपमा शौचालय प्रयोग गर्न नपाएर ज्यादै पीडा भोग्न परेका समस्याहरू छन् । यस्ता समस्याहरूलाई केही रूपमा न्यूनीकरण गर्नको लागि भृकुटीमण्डपमा सबैलाई पायक पर्ने भएकोले यो अपाङ्गता मैत्री सार्वजनिक शौचालय बनाउन लागिएको हो ।

निर्माण कार्य थालिएको र सबै नागरिकका लागि मैत्री हुने, अन्य ठाउँमा पनि यसलाई नमुनाको रूपमा लिएर अपाङ्गता मैत्री शौचालय निर्माण कार्यमा सहयोग पुग्ने कुरा यस कार्यसँग सम्बन्धित व्यक्तिहरू बताउनु हुन्छ । यो अपाङ्गता मैत्री सार्वजनिक शौचालय सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू र समाजमा रहेका अन्य

## जग्गा उपलब्ध गराउनुको साथै सल्लाह सुझाव दिने गरेका छौं

**- बोदराज दाहाल, सहायक निर्देशक, समाज कल्याण परिषद**

अपाङ्गता मैत्री सार्वजनिक शौचालयको अभावमा अधिकांश अपाङ्गता भएका व्यक्तिहरूले दैनिक रूपमा विभिन्न समस्याहरूको सामना गर्न परि रहेको छ । यस्ता समस्याहरूलाई मध्य नजर गरेर अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सञ्जाल अर्थात् ए.आइ.एन.ले अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरू तथा अन्य गैर सरकारी संस्थाहरूको सहयोगमा काठमाण्डौको भृकुटीमण्डपमा अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माण गर्ने भनेर हामीहरूसँग प्रस्ताव ल्याउनु भयो । र सोही प्रस्ताव अनुसार अहिले काठमाण्डौको भृकुटीमण्डपमा अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माण कार्य भइ रहेको छ । यसको बारेमा हामीले सम्बन्धित निकायहरूसँग समय समयमा छलफल गरेर जग्गा उपलब्ध गराउनको लागि गृह मन्त्रालयमा पहल गऱ्यौ र त्यहाँबाट जग्गाको लागि स्वीकृत भए पछि त्यो शौचालय निर्माणको काम भएको छ र जग्गा उपलब्ध गराउने काम भने समाज कल्याण परिषदले गरेको छ । सल्लाह सुझाव दिने, नक्सा पास गराउने लगायतका कुराहरूमा हामीले सहयोग गरेका छौं ।

नागरिकहरूले पनि सहज रूपमा प्रयोग गर्न सक्ने गरि निर्माण होस् । साथै आगामी दिनमा पनि सार्वजनिक शौचालयहरू निर्माण गरिँदा अन्य नागरिकहरू जस्तै सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सहज रूपमा पुग्न सक्ने गरि निर्माण गर्नको लागि सरोकारवाला निकायको ध्यान केन्द्रित हुने छ । यो शौचालय एक नमुनाको रूपमा हुने छ अन्य क्षेत्रहरूमा पनि सार्वजनिक शौचालयहरू निर्माण गर्दा यही शौचालय अनुसारको बनाउन तर्फ सबैको ध्यान जाने छ ।

अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सञ्जाल अर्थात् ए.आइ.एन.ले नेपाल अपाङ्ग महिला संघ, समाज कल्याण परिषद्, राष्ट्रिय अपाङ्ग महासंघ नेपालको सहकार्यमा थालनी गरिएको यो कार्यले काठमाण्डौ उपत्यकामा रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई शौचालय प्रयोग गर्न सहज हुने छ । अबका दिनमा अपाङ्गता भएका व्यक्तिहरूले शौचालयको अभावमा यस्ता विभिन्न समस्याहरूको सामना गर्न पर्ने छैन । यस कार्यको लागि सबै सम्बन्धित निकायहरूलाई अपाङ्ग आवाज परिवार हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

# मोतीसरा वि.क. को जीवनमा आएको परिवर्तन

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले सन् २०१४ अप्रिल देखि सन् २०१७ सम्मको लागि डि.डि.पि. युके.एड. सँगको संयुक्त साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक स्तर उकास्ने उदेश्यले "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" (जि. पि. ए. एफ. परियोजना) सञ्चालन गरेको छ । यो परियोजना दाङ्ग जिल्लाको अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल, बर्दिया जिल्लाको अपाङ्ग पुनर्स्थापना केन्द्र सुर्खेतको अपाङ्ग सशक्तिकरण केन्द्र र तनहुँको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विकासका लागि श्रोत केन्द्र (रिसेड) गरी अपाङ्गता सम्बन्धी काम गर्ने ४ वटा स्थानीय जिल्ला साझेदार संस्थाहरूसँगको साझेदारीमा सञ्चालन गरिएको छ । ती सबै जिल्लाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक अवस्थामा सुधार ल्याउनको लागि आय-आर्जन हुने खालका कार्यक्रमहरू सञ्चालन गरिएको छ । "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" अन्तर्गत तनहुँको



अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विकासका लागि श्रोत केन्द्र (रिसेड) संस्था मार्फत सो जिल्लामा रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले सिलाई कटाई व्यवसाय गरेका छन् । त्यसै कति पय अपाङ्गता भएका व्यक्तिहरूले तरकारी खेती गर्नुका साथै किराना पसल, बङ्गुर पालन, बाख्रा पालन, भेडा पालन, कुखुरा पालन गरी आय-आर्जन गर्न सफल भएको पाइएको छ । सो परियोजनाकै सहयोगमा तनहुँ जिल्लाकी

मोतीसरा वि.क.को जीवन पनि सहज भएको छ ।

तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ९ दुम्सीकोट निवासी मोतीसरा वि. क. एक शारीरिक अपाङ्गता भएकी महिला हुनुहुन्छ । वि. सं. २०३८ साल पुस १० गतेका दिन बुवा दुर्गे वि.क. र आमा कलावती वि.क. को कोखबाट मोतीसराले यो धर्तीमा पाइला टेक्नु भएको थियो । उहाँको बुवाको काँधमाथि सात जनाको जिम्मेवारी थियो । बिहान बेलुकाको छाक टार्न मेलापात नगरी हुँदैनथियो । घरको आर्थिक अवस्था कमजोर भएपनि मोतीसराको बाल्य अवस्था भने सुखमय रूपमा नै बित्यो । मोतीसरा ५ वर्षको भएपछि घरको आर्थिक अवस्था कमजोर भएकै कारण उहाँको घर परिवार आफ्नो जन्मथलो दुम्सीकोट छोडेर तनहुँ जिल्लाकै जामुने गा. वि. स. वडा नं. १ गुणादी भन्ने ठाउँमा बसाई सराई गरेर जानुभयो । त्यहाँ गएर उनीहरूले ७ जना परिवारको टाउको लुकाउने र मेलापात गरेर ल्याएको अन्नपातलाई व्यवस्थित गर्नको लागि सानो घर पनि बनाउनु भयो र दुःख सुख गरेर जीवन गुजारा गर्न थाल्नु भयो । यसरी नै मोतीसराका घर परिवारको जीवन चलिरहेको थियो । उनको घरको आर्थिक अवस्था कमजोर भएपनि आफ्नो बाल्यकाल सुखमय तरिकाले बिताउनु भएकी मोतीसरा ६ वर्षकी हुँदा बिरामी हुन पुग्नु भयो । त्यो ठाउँमा भएको शिक्षाको कमी र अन्धविश्वासको कारणका साथै आर्थिक अवस्था कमजोर भएकै कारणले गर्दा उहाँको परिवारले मोतीसराको उपचारको लागि अस्पताल लैजानुको सट्टा धामी-झाँक्रीकोमा लैजानु भयो । धेरै समय सम्म धामी झाँक्रीकहाँ लगेपछि पनि ठीक नभए पछि पोखराको गण्डकी अस्पतालमा लैजानु भयो । पोखराको गण्डकी अस्पतालमा पनि उहाँको उपचार हुन सकेन । आर्थिक अभावको कारण त्यो भन्दा थप उपचारको लागि अन्य अस्पतालमा लैजान सक्नु भएन घर परिवारले पनि । त्यसपछि बिस्तारै उहाँको शरीर कमजोर हुँदै गयो, उहाँलाई आफ्ना दैनिक कार्यहरू सम्पन्न गर्न पनि कठिनाइ हुँदै गयो । बिस्तारै मोतीसराको शारीरिक समस्या बढ्दै जान थाल्यो । त्यसपछि उहाँ यतिकै घरमा नै बस्न थाल्नु भयो । घर परिवारले पनि हिँड्डुल गर्न नसक्ने भएपछि यतिकै घरमा नै बसे हुन्छ भन्ने सोच्नु भयो र मोतीसराको मनमा पनि अब म हिँड्डुल गर्न सक्दिन, केही काम गर्न पनि सक्दिन भनेर निराश भएर बस्न थाल्नु भयो । उहाँ हिँड्दा शारीरिक समस्या आउने, अप्ठ्यारो गरी हिँड्दा अरूले देख्ने भएको कारण घर परिवारले पनि यो किन घर बाहिर हिँडेकी होला, घरमा नै बसिदिए हुने थियो भन्ने सोच्न थाले ।

यसरी नै मोतीसराका दैनिकीहरू ज्यादै कठिन रूपमा बित्दै गए । सबै साथी भाइहरू विद्यालय गएको देख्दा मोतीसरालाई पनि विद्यालय गएर पढ्न मन लाग्थ्यो तर के गर्नु आफै हिँडेर जान सक्नु हुन्थेन तर पनि म पनि विद्यालय जान्छु भनेर आमा बुवासँग झन् कराउन थाल्नु भयो र ११ वर्षको उमेरमा तनहुँ जिल्लाकै श्री महेन्द्र

उच्च मा. वि. मा कक्षा १ मा भर्ना हुनु भयो । हिँडाइमा कठिनाइ भएपनि उहाँले विद्यालयमा गएर पढ्न थाल्नु भयो । विद्यालयका शिक्षक, शिक्षिका, साथी-भाइ तथा घर परिवारको साथ र सहयोगले गर्दा कक्षा १ देखि ३ सम्म प्रथम श्रेणीमा पास हुँदै जानु भयो ।समय बित्दै जाँदा उहाँको उमेर सँग-सँगै शारीरिक समस्या पनि बढ्दै गयो । छोरा नजन्मिएको कारण मोतीसराका बुवाले अर्को विवाह गर्नु भयो । त्यस पछि घर परिवारको जिम्मेवारी उहाँमा बढ्दै गयो । तत् पश्चात राम्रो पढ्ने गरेकी मोतीसरा अब पास मात्र हुन थाल्नुभयो । यस्ता समस्याको कारण र आर्थिक अभावले गर्दा एस. एल. सी. को परीक्षा दिँदा ट्युसन पढ्न सक्नु भएन । हात राम्ररी नचल्ने कारणले गर्दा सहयोगीको अभावमा आफैले लेख्दा ढिलो हुँदा समयमा नै परीक्षा दिन नसक्ने हुँदा पटक पटक एस. एल. सी. को परीक्षा पास गर्न असफल भएपनि आफ्नो पढाइलाई निरन्तरता दिँदै जानु भयो । जति पटक असफल भएपनि एक दिन अवश्य सफल हुन्छु भनेर हिम्मत नहारी पढ्नु भयो र आखिर वि. सं. २०६४ सालमा एस. एल. सी. परीक्षा पास गरेरै छाड्नुभयो ।

एस. एल. सी. पास भएपछि घर देखि ९ किलोमिटर टाढा रहेको आदिकवि भानुभक्त क्याम्पसमा शिक्षा संकायमा भर्ना हुनुभयो । दुई महिना सम्म क्याम्पस गए पछि घरको आर्थिक अवस्था कमजोर र शारीरिक समस्याका कारण उच्च शिक्षा पढ्ने रहर हुँदा हुँदै क्याम्पस छोड्न पर्यो । त्यस पछि उहाँले विभिन्न संघ संस्थाहरूमा जाने आउने गर्न थाल्नु भयो र १० महिने प्राथमिक विद्यालय शिक्षकको तालिम लिने अवसर प्राप्त भयो । यसै क्रममा वि. सं. २०६४ साल देखि तनहुँ जिल्लामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विकासका लागि श्रोत केन्द्र (रिसेड) मा आबद्ध हुनुभयो । सोही वर्ष शुक्ल गण्डकी नगरपालिका ११ का पुकार नेपालीसँग उहाँको विवाह भयो । आफू शारीरिक अपाङ्गता भएको कारण घरमा कठिनाइ होला भन्ने सोच राख्ने मोतीसराका सासु ससुरा कुष्ठ प्रभावित र उहाँको श्रीमान न्यून दृष्टियुक्त भएको कारणले अपाङ्गताकै कारण पारिवारिक समस्याको सामना भने गर्न परेन ।

मोतीसरा वि. क. तनहुँको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विकासका लागि श्रोत केन्द्र रिसेड संस्था सँगको सम्बन्ध र सम्पर्कको कारण समाजमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक, आर्थिक, सांस्कृतिक लगायतका विकास तथा व्यक्ति क्षमता विकास तथा सशक्तिकरणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरी समाजलाई परिवर्तन गर्नका लागि अगाडि बढि रहनु भयो । यसरी अपाङ्गताको क्षेत्रमा काम गर्न क्रममा हाल उहाँ आज पैरवी समाज शुक्ल गण्डकीको अध्यक्ष र तनहुँको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विकासका लागि श्रोत केन्द्र (रिसेड) को उपाध्यक्ष रहनु भएको छ ।

यसै क्रममा डि. डि. पी. / यु. के. एडको आर्थिक सहयोग र नेपाल अपाङ्ग मानव अधिकार केन्द्र काठमाण्डौको सहयोगमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र विकासका लागि स्रोत केन्द्र (रिसेड) ले सञ्चालन गरेको पश्चिम नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको गरिबी न्यूनीकरण परियोजनाबाट बंगुरपालन सुरु गर्नु भएको छ । अहिले उहाँले बंगुरपालन बाट राम्रो आय आर्जन गर्न सफल हुनु भएको छ । बंगुरपालन बाट आम्दानी गरेर घर व्यवहार चलाउनु भएको छ भने अपाङ्गताको क्षेत्रमा पनि काम गरिरहनु भएको छ । तनहुँ जिल्लामा मोतीसरा वि. क. एक उदाहरणीय पात्र बन्नु भएको छ । अवसर पाएको खण्डमा उक्त अवसर सदुपयोग गर्न सकिने भन्दै उहाँ डि. डि. पी. / यु. के. एड, नेपाल अपाङ्ग मानव अधिकार केन्द्र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र विकासका लागि स्रोत केन्द्र रिसेड प्रति आभार व्यक्त गर्नु हुन्छ । उक्त परियोजनाले नेपालका तनहुँ, दाङ, बर्दिया र सुर्खेत जिल्लाका अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा सहजता भएको छ ।

के तपाई अपाङ्ग आवाज मासिक पत्रिकाको ग्राहक बन्न चाहनु हुन्छ ?

के तपाईले अपाङ्ग आवाज मासिक पत्रिका पढ्नु भयो ? यदि तपाई अपाङ्ग आवाज मासिक पत्रिका पढ्न र ग्राहक बन्न चाहनु हुन्छ भने

हामीलाई सिधा सम्पर्क गर्नु होस्

०१ - ५१५५१३४

सूचना तथा सञ्चारमा अपाङ्गहरूको समान सहभागिता आजको आवश्यकता
अपाङ्ग प्रधान
अपाङ्ग आवाज
मासिक

# Right to Advocacy in International Human Rights Law



✍ **Dev Datta Joshi (MA, LLM)**
*Disability Rights Lawyer, Kathmandu*

Understanding disability as a human right issue places and emphasizes on the fact that persons with disabilities are holders of rights and no object to be associated with charity. Persons with disabilities are entitled to the same freedoms and rights as other persons. The human rights perspectives highlights government responsibility to ensure that all citizens equally enjoy their freedoms and rights and have the opportunity to participate fully in society.

Internationally, disability issues hardly reached the agenda until the 1970s and even then, the efforts were tentative. The Universal Declaration of Human Rights (UDHR) 1948 article 25 states that people have a right to an adequate standard of living, even if they are disabled. One of the first overt efforts of the international community was the 1971 Declaration of the Rights of Mentally Retarded Persons. The 1975 Declaration on the Rights of Disabled Persons articulated the rights of people with disabilities. During the 1980s the UN and various of its subsidiary bodies including WHO, UN International Year of Disabled, ILO and CRC began to view disability issues in a range of contexts.

The UNCRPD is the first legally binding human rights instrument of the United Nations that explicitly protects the rights and dignity of persons with disabilities. The convention adopts a social model of disability through its recognition that disability results from interaction between a non-inclusive society and individuals. Article 1 of CRPD defines disability to include 'those who have long-term physical, mental, intellectual or sensory impairments

which in interaction with various barriers may hinder their full and effective participation in society on an equal basis with others.' Indeed the convention is a paradigm shift in approaches to persons with disabilities who are not viewed as 'object of charity' but rather as 'subjects' with rights who are capable for raising voices to achieve rights and making decisions for themselves based on free consent.

The CRPD succinctly explains the reason for its existence. It is that all existing human rights treaties apply equally to persons with disabilities. The adoption of CRPD is considered as the dawn of a new era- an era in which persons with disabilities will no longer have to endure the discriminatory practices and attitudes that have been permitted to prevail for all too long. To promote a shift of attitude, the CRPD embodies the expressive value of human rights 'signaling the values a society stands for'. More importantly, the CRPD has highlighted the intimate relationship between poverty and disability and to implement inclusive poverty reduction strategies. The host governments, donor governments, other donors and civil society organization including disabled people's organizations are the key actors in these conversations. The CRPD encourages finding to flow between state parties by inserting provisions which recognizes the importance of international cooperation for improving the living conditions of persons with disabilities especially in developing countries. Moreover, The CRPD encourages communication between and among states in cooperation with regional and inter- governmental organizations and civil society, in order to, amongst other things, ensure international development programs are inclusive of and accessible to persons with disabilities, facilitate capacity buildings and sharing of best practices, cooperate in research, share information and provide economic and technical assistance. This the CRPD is a human rights treaty as well as a developmental tool that is why many low- and middle income countries swiftly ratified the CRPD.

In the context of equality, autonomy, participation and solidarity, Quinn and Degener states that "[ a human rights perspective on disability] is inspired by the value that underpin human rights; the inestimable dignity of each and every human being the concept of autonomy or self-determination that demand that the

person be placed at center of all decisions affecting him/her, the inherent dignity of all regardless of difference, and the ethic of solidarity that requires society to sustain the freedom of the person with appropriate social supports.'

Palmen argues that by adopting the CRPD's human rights paradigm PWDs are no longer viewed as "objects" of charity needing medical treatment and social protection; but rather as "subjects" with human rights who are capable of claiming those human rights, making decision for their lives based on their free and informed consent, and being active members of society. The human rights approach is premised upon enabling PWDs to receive fundamental needs "as a matter of rights to claim, rather than charity to receive". According to CRPD, accessibility is only achieved when PWDs can live independently and fully participate in all aspects of life.

The importance of enforceable rights and entitlements for persons with disabilities is recognized by UN Convention on the Rights of Persons with Disabilities, which reaffirms that persons with disabilities are entitled to the same rights and freedoms as all other citizens. The concept of 'nothing about us without us' which permeated the drafting process of CRPD, emanates from literature on self-advocacy, and finally rooted in the notion of reciprocity between states and persons with disabilities.

Article 12 of the UNCRPD, entitled 'Equal recognition before the Law' states as follows:

1. State parties reaffirm that persons with disabilities have the right to recognition everywhere as persons before the law.
2. State parties shall recognize that persons with disabilities enjoy legal capacity on an equal basis with others in all sphere of life.
3. State parties shall take appropriate measure to provide access by persons with disabilities to the support they may require in exercising their legal capacity.
4. State parties shall ensure that all measures that relate to the exercise of legal capacity provide for appropriate and effective safeguards to prevent abuse in accordance with international human rights law: such safeguards shall ensure that

measures relating to the exercise of legal capacity respect the rights, will and preference of the person are free of conflict of interest and undue influence, are proportional and tailored to the person's circumstances, apply for the shortest time possible and are subject to regular review by a competent, independent and impartial authority or judicial body, The safeguards shall be proportional to the degree to which such measures affect the person's rights and interests.

5. Subject to the provisions of this article, states parties shall take all appropriate and effective measures to ensure the equal right of persons with disabilities to own or inherit property, to control their own financial affairs and to have equal access to bank loans, mortgages and other form of financial credit, and shall ensure that persons with disabilities are not arbitrarily deprived of their property.

The CRPD article 12 on legal capacity mainly contains two provisions which will significantly shifts in thinking, a couple of dialogues and steps to commence norms and behaviours into compliance. The central point of this article is that everyone including persons with disabilities has the right to legal capacity and secondly that those who need support in exercising their legal capacity to make decision get such support.

The right to equal recognition before the law and to enjoy legal capacity on an equal basis with others is a particularly important right for persons with disabilities mainly for those having intellectual or cognitive disabilities, as decisions are often informally made for those individuals on a daily basis without any formal legal definition of a lack of decision-making capacity on their behalf. In addition to this The United Nations Convention on the Rights of Persons with Disabilities article 12 requires states parties to take certain steps to facilitate access to justice for persons with disabilities.

According to article 8 of Universal Declaration of Human Rights, 'everyone has the right to an effective remedy by the competent national tribunal for acts violating the fundamental rights granted him by the constitution or by the law'.

# अपाङ्गता भएका महिलाको स्वास्थ्य अवस्था



शर्मिला विश्वकर्मा,
काठमाण्डौ

स्वस्थ रहन पाउनु सबै नागरिकको नैसर्गिक अधिकार हो । स्वास्थ्य सबै व्यक्तिहरूको सरोकारको विषय भएता पनि हाम्रो देशमा रहेका धेरै जसो अपाङ्गता भएका महिलाहरूले सहज रूपमा स्वास्थ्य उपचार तथा सेवा प्राप्त गर्न सकेका छैनन् । हामी कहाँ भएका धेरै जसो स्वास्थ्य संघ संस्थाहरु अपाङ्गता मैत्री नभएको कारण पनि अपाङ्गता भएका महिलाहरूले सहज रूपमा स्वास्थ्य सेवा प्राप्त गर्न पाएका छैनन् । समाजमा आज सम्म पनि अपाङ्गता भएका व्यक्तिहरू प्रति सकारात्मक परिवर्तन आउन नसकेको कारणले आपाङ्गता भएका महिलाहरूले आफूले प्राप्त गर्ने स्वास्थ्य सेवा पाउन नसकेको अवस्था छ । हाम्रो समाजमा बहिरा, दृष्टिविहिन, बौद्धिक अपाङ्गता, मानसिक अपाङ्गता लगायतका विभिन्न प्रकारका अपाङ्गता भएका महिलाहरू छन् । बहिरा व्यक्तिहरूले उपचारको लागि स्वास्थ्य क्षेत्रहरू तथा अस्पतालमा जाँदा, त्यहाँका स्वास्थ्यकर्मी तथा कर्मचारीहरूलाई अपाङ्गताको बारेमा खासै जानकारी भएको पाइँदैन । जसले अपाङ्गता भएका व्यक्तिहरू प्रति कस्तो व्यवहार गर्नु पर्दछ भन्ने चेतना पनि छैन । दोभाषेको अभावमा बहिरा व्यक्तिहरूको सञ्चार हुन सक्दैन । जसको कारण बहिरा महिलाहरूले उपचारको क्रममा विविध समस्याको सामना गर्नु पर्ने हुन्छ । कुनै सहायक सामग्री प्रयोग गर्ने अपाङ्गता भएका महिला गर्भवती अवस्थामा जचाउँन जाने क्रममा होस वा कुनै पनि स्वास्थ्य सेवा लिन जाने क्रममा होस भौतिक अवरोधले पनि अवरोध उत्पन्न गराउँदछ । साथै बहिरा महिलाहरूको लागि दोभाषेको अभाव र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो समस्या आफै बताउन नसक्दा पनि एक थरीको रोगको औषधी खानु पर्ने तर सञ्चार अभावको कारणले स्वास्थ्यकर्मीहरूले अर्कै रोगको औषधी दिने सम्भावना धेरै हुन्छ ।

हाम्रो समाजमा आज सम्म पनि रहेको विभिन्न सामाजिक, सांस्कृतिक, रूढिवादी परम्परा, जन चेतनाको अभाव, स्वास्थ्यकर्मीहरू र स्वास्थ्य संघ संस्थाहरू अपाङ्गता अनुकूल नभइँदिदा कतिपय अपाङ्गता भएका महिलाहरू उपयुक्त स्वास्थ्य सेवा लिनबाट वञ्चित रहनु परेको छ । समयमा नै उपयुक्त स्वास्थ्य सेवा पाउन

नसक्दा कति पय अपाङ्गता भएका महिलाहरूले जोखिम बहन गर्नु पर्ने हुन्छ । अहिले पनि विकट गाउँमा रहेका, शिक्षाको ज्योतिबाट वञ्चित भएका, घर परिवार समाजमा बेवास्ता गरिएका अपाङ्गता भएका महिलाहरू आफ्नो रोगको बारेमा खुलेर कुरा गर्न र स्वास्थ्यकर्मीहरूलाई बताउन पनि सक्दैनन् । केही अपाङ्गता भएका महिलाहरूलाई अपाङ्गताकै आधारमा विभेद गरी समयमा नै रोगको पहिचान र उपचार गर्न तर्फ नलैजाँदा उनीहरूले झनै जोखिम मोल्नु परेको अवस्था छ ।

शहरी क्षेत्रमा रहेका केही अपाङ्गता भएका महिलाहरूले केही मात्रमा भए पनि स्वास्थ्य सम्बन्धी केही जानकारी प्राप्त गरेको पाइन्छ । साथै केही अपाङ्गता भएका महिलाहरूले स्वास्थ्य सेवा पनि पाएका छन् तर त्यो पूर्ण छैन । स्वास्थ्य सेवा सम्बन्धमा अपाङ्गता सम्बन्धी काम गर्ने विभिन्न संघ संस्थाहरूले पनि विभिन्न कार्यक्रमहरू गरी रहेका छन् । जसले गर्दा नेपाल सरकारले पनि विभिन्न समयमा अपाङ्गता भएका व्यक्तिहरूको लागि अन्य नीति नियम जस्तै स्वास्थ्य नीतिहरू पनि बनेका छन् । तर ती नीति नियमहरू पूर्ण रूपमा कार्यान्वयन भएको पाइँदैन । विकट र ग्रामीण क्षेत्रमा रहेका अपाङ्गता भएका महिलाहरू स्वास्थ्य उपचार नपाएर त्यसै बस्न परेको अवस्था छ । स्वास्थ्य उपचारको क्षेत्रमा अपाङ्गता भएका महिलाहरू अन्य व्यक्तिहरूको तुलनामा निकै पछाडी परेको पाइन्छ । धेरै जसो क्लिनिक, अस्पताल, स्वास्थ्य तथा उप स्वास्थ्य चौकीहरू अपाङ्गता मैत्री छैनन् । बहिरा व्यक्तिहरूको लागि ती निकायहरूमा दोभाषेको व्यवस्था छैन । अपाङ्गता मैत्री स्वास्थ्यकर्मी तथा कर्मचारीको अभावको कारण अपाङ्गता भएका महिलाहरूले स्वास्थ्य उपचारको क्रममा समस्या झेल्नु परेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको लागि नेपाल सरकारले विभिन्न नीतिहरू पनि बनाएको छ । अपाङ्गता संरक्षण तथा कल्याण ऐन २०३९को दफा ७ को १ मा अपाङ्ग ल्याउने कारक तत्व पत्ता लगाई त्यसको निरोध, निवारण, नियन्त्रण, उन्मूलन र उपचार गर्ने सम्बन्धमा नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्ने छ भनि उल्लेख गरेको छ । त्यसै गरी अपाङ्गता संरक्षण तथा कल्याण नियमावली २०५१ को दफा १६ मा नेपाल अधिराज्यका अस्पतालहरूमा अपाङ्गहरूको निःशुल्क परीक्षण, औषधी उपचार गर्ने, ५० भन्दा बढी शैया भएमा सरकारी अस्पतालहरूमा अपाङ्गता भएका व्यक्तिहरूको लागि कम्तीमा पनि २ वटा शैया निःशुल्क उपलब्ध गराउनु पर्ने भनि उल्लेख गरेको छ । त्यसै गरी नेपालको अन्तरिम संविधान २०६३ मा कानुनमा व्यवस्था भए बमोजिमको आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउनु पर्ने हकको पनि व्यवस्था गरिएको छ । अपाङ्गता भएका

व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धीको धारा २५ मा अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वास्थ्य अधिकारको कुरा उल्लेख गरिएको छ । यस्ता नीति नियमहरू, कानुनी प्रावधानहरू रहेता पनि पूर्ण रूपमा कार्यान्वयन भएको पाइँदैन ।

हाल नेपालमा सञ्चालित अधिकांश सरकारी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरूका भवनहरू अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुग्ने गरी बनेका छैनन् । बहिरा महिलाहरू उपचारका लागि जाँदा साङ्केतिक भाषा बुझ्ने दोभाषेको अभावले आफ्नो रोग अनुसारको समस्या बताउन नसकेको अवस्था छ । त्यसै गरी अपाङ्गता भएकी महिला गर्भवती अवस्थामा अस्पतालमा जाँच गर्न जाँदा, बच्चा जन्माउँदा, अपाङ्गता मैत्री वा अपाङ्गता अनुकूल शैया पाइँदैन । त्यहाँ पनि उनीहरूले सहज रूपमा उपचार गर्न पाएका हुँदैनन् ।

त्यसैले बहिरा व्यक्तिहरूको लागि दोभाषे नहुनु, दृष्टिविहिनको लागि ब्रेल चिन्ह वा संकेत चिन्ह नहुँदा यस्ता महिलाहरूले स्वास्थ्य संघ संस्थामा उपचारका लागि जाने क्रममा समस्या भोग्नु परेको छ । सरकारले अपाङ्गता भएका व्यक्तिहरूको लागि निःशुल्क औषधी उपचारको व्यवस्था गरेता पनि धेरै जसो अपाङ्गता भएका महिलाहरूले उक्त सेवा सुविधा प्राप्त गर्न सकेका छैनन् । त्यसैले आगामी दिनमा अपाङ्गता भएका महिलाहरूको स्वास्थ्यलाई विशेष अधिकारको रूपमा स्थापित गर्न जरुरी छ । अपाङ्गता भएकै कारण अपाङ्गता भएका महिलाहरूलाई उनीहरूले प्राप्त गर्ने स्वास्थ्य अधिकारबाट वञ्चित गर्न मिल्दैन । विभिन्न स्वास्थ्य संघ संस्थाका भौतिक संरचना, आवश्यक पूर्वाधार अपाङ्ग मैत्री बनाउनु पर्ने र अपाङ्गता भएका महिलाहरूलाई सहज रूपमा स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक छ । यसको साथै प्रत्येक स्वास्थ्य संघ संस्थाहरूमा दोभाषेको व्यवस्था गर्नु पर्ने, स्वास्थ्य कर्मीहरूलाई अपाङ्गता सम्बन्धी जन चेतना जगाउनु पर्ने, भौतिक संरचनाहरू अपाङ्गता मैत्री बनाउनु पर्ने कुरामा ध्यान दिन जरुरी छ । यसको लागि भएका नीति नियमहरूलाई जति सक्दो छिटो प्रभावकारी रूपमा कार्यान्वयन गर्न तर्फ अपाङ्गता सम्बन्धी काम गर्ने विभिन्न संघ संस्थाहरू, राज्य पक्ष, नागरिक समाज, मानव अधिकारकर्मीहरू, अभिभावक लगायत सरोकारवाला निकायहरू लागि पर्नु पर्दछ ।

**यस अपाङ्ग आवाज पत्रिकामा प्रकाशन गरिएका निजी विचार तथा लेखहरूले अपाङ्ग आवाज मासिक पत्रिकाको प्रतिनिधित्व गर्दैनन् ।**

**- सम्पादक**

# दृष्टिविहिन विद्यार्थीलाई सहयोग

✍ **४ साउन २०७३ संगीता पौडेल, म्याग्दी**

म्याग्दी जिल्ला बावियाचौर–१ का नेत्रराज सुवेदीले आफ्नो जन्मदिनको अवसरमा म्याग्दी बहुमुखी क्याम्पसमा शिक्षा संकायमा अध्ययनरत दृष्टिविहिन गोपाल खत्रीलाई रु २५ सय आर्थिक सहयोग गर्नु भएको छ । उहाँले म्याग्दी बहुमुखी क्याम्पसमा एक कार्यक्रम गरी 'जन्मदिन सबैभन्दा महत्वपूर्ण दिन भएकोले पवित्र कार्य गरेर जन्मदिन मनाउने योजना अनुसार दृष्टिविहिन गोपाल खत्रीलाई सहयोग गरेको बताउनु भयो । बेनी स्थित लोकदिप बचत तथा ऋण सहकारी संस्थाका प्रबन्धक समेत रहेका सुवेदीले आगामी दिनमा समेत रचनात्मक कार्य गर्ने प्रतिबद्धता जनाउनु भएको थियो । त्यसै गरी सो कार्यक्रममा म्याग्दी बहुमुखी क्याम्पसका प्रमुख टिकाराम सापकोटा, अभियानको संयोजन गरिरहेका पत्रकार हरिकृष्ण गौतम, विद्यार्थी गोपाल खत्रीले समेत मन्तव्य राख्नु भएको थियो । सोही अवसरमा दृष्टिविहिन गोपाल खत्रीलाई जिल्ला भूसंरक्षण कार्यालयका प्रमुख दिवाकर पौडेल र म्याग्दी क्याम्पसकी सहायक प्रमुख रेखा कौशल रेग्मीले ५ हजार, बेनी न्यूरोड स्थित छहारी रेष्टुरेन्टका प्रोपाईटर कुशल पौडेलले १५ सय रुपैया सहयोग हस्तान्तरण गरेका थिए । ब्रेललिपीको सहयोगमा अध्ययन गर्ने उत्कृष्ट विद्यार्थीको रूपमा चिनिने खत्री मेजर अंग्रेजीका विद्यार्थी हुनु हुन्छ । उनका दुई बहिनी रमा दृष्टिविहिन र संगीता बहिरा व्यक्ति भएको र गोपाल खत्रीको नाममा ग्लोवल आईएमई बैकमा खाता सञ्चालन गरिएको छ ।

म्याग्दी जिल्ला घतान तोरिपानीका दृष्टिविहिन खत्री भोक भोकै क्याम्पस आउँछन् भन्ने समाचार प्रकाशित भए पछि स्वदेश तथा विदेशबाट दैनिक जसो सहयोग जुट्न थालेको, क्याम्पसको आन्तरिक परीक्षामा सर्वोत्कृष्ट भएका खत्रीलाई सहयोग जुट्ने क्रम जारी छ । सात जनाको परिवारमा एक्लो छोरा खत्रीले स्नातक तहको शिक्षा लगत्तै शिक्षण पेशामै आबद्ध भएर परिवारको मुख्य आम्दानीको स्रोत बन्ने योजना बनाएका छन् ।

# राष्ट्रिय अपाङ्ग महासंघ नेपालको तनहुँ जिल्ला अधिवेशन सम्पन्न

✍ **११ श्रावण २०७३, मदन पौडेल, तनहुँ**

राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्रथम तनहुँ जिल्ला अधिवेशन तनहुँमा सम्पन्न भएको छ ।




*राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्रथम तनहुँ जिल्ला अधिवेशनको एक झलक। तस्विर :* ***मदन पौडेल***

उक्त अधिवेशन कार्यक्रमको उद्घाटन तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारी दीपक सुवेदीले गर्नु भएको थियो । यसै क्रममा उहाँले आगामी दिनमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्राप्तिको लागि हामी सबैले सहयोग गर्नु पर्ने बताउनु भयो । त्यसै गरी जिल्ला शिक्षा कार्यालय, तनहुँका सहायक जिल्ला शिक्षा अधिकारी बाबुराम देवकोटाले अपाङ्गता भएका बालबालिकाहरूका लागि निःशुल्क शिक्षाको अधिकारलाई जिल्लामा कडाइका साथ लागू गर्दै अपाङ्गता शिक्षा छात्रवृत्तिका लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो ।

उक्त कार्यक्रममा महिला तथा बालबालिका कार्यालयका निमित्त महिला विकास अधिकृत कल्पना देवी सापकोटा, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका केन्द्रीय सदस्य अस्मिता भट्टराई, स्थानीय सि.वि.आर. नेटवर्क तनहुँका संयोजक विष्णु प्रसाद गौतम, कोशिस नेपाल तनहुँका कार्यक्रम संयोजक वसन्त भट्ट, सेतो गुराँस बाल विकास सेवाका सचिव सरिता भण्डारी लगायतले अपाङ्गता अधिकारका लागि जिल्ला शाखाले कार्य गर्ने बताउनु भएको थियो । राष्ट्रिय अपाङ्ग महासंघ नेपालका निवर्तमान क्षेत्रीय सचिव प्रकाश पन्थको संयोजकत्वमा आयोजित अधिवेशन आयोजक समितिले मदन पौडेलको अध्यक्षतामा ९ जना नयाँ कार्यसमिति चयन गरेको छ । जसमा उपाध्यक्ष तुलसी थापा, सचिव सितादेवी कुँवर, कोषाध्यक्ष राजन रानाभाट, सह सचिव मोतिसरा वि.क. रहेका छन् । यसै गरी सदस्यहरूमा दामोदर रेग्मी, तारादेवी पौडेल, छिमबहादुर गुरुङ्ग र अमृत शाही चयन हुनु भएको छ ।

## सिलाई कटाई तालिम सम्पन्न

**१४ साउन २०७३, विष्णु श्रेष्ठ, झापा**




*सिलाई कटाई तालिममा सहभागीलाई प्रमाण पत्र वितरण गर्दै महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका शाखा अधिकृत **निमराज भट्टराई** । तस्विर : विष्णु श्रेष्ठ*

नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र झापा शाखाको आयोजना र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय काठमाण्डौंको सहयोगमा ३ महिने सिलाई कटाई तालिमको समापन कार्यक्रम झापामा सम्पन्न भएको छ । वि.स.२०७३ वैशाख ५ गतेबाट सुरु भएको उक्त तालिम यही साउन १४ गते समापन गरिएको थियो । सो तालिममा ५ जना शारीरिक र ५ जना बहिरा महिला गरी १० जना अपाङ्गता भएका महिलाहरूको सहभागिता रहेको थियो । सो आवासीय सिलाई कटाई तालिम पश्चात् प्रत्येक सहभागीहरूलाई एक एक वटा मेशिन पनि प्रदान गरियो । सो तालिममा लक्ष्मी भट्टराईले प्रशिक्षण दिनु भएको थियो । उक्त तालिमको समापन कार्यक्रम महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव मधु प्रसाद रेग्मीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

## बाल क्लबका पदाधिकारीहरूलाई अपाङ्गता सम्बन्धी अभिमुखीकरण सम्पन्न

**२०७३ साउन २४ मदन पौडेल, तनहुँ**

रिसेडको संयोजन तथा घाँसीकुवा अपाङ्गता गाउँ सरोकार समितिको आयोजनामा यही श्रावण २२ गते शनिबार घाँसिकुवा गाउँ विकास समितिमा रहेका बाल क्लबहरूका पदाधिकारीहरू बीच अपाङ्गता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । घाँसीकुवा अपाङ्गता गाउँ सरोकार समितिका




*बाल क्लबहरूका पदाधिकारीहरूलाई अपाङ्गता सम्बन्धी अभिमुखीकरण कार्यक्रमको एक झलक। तस्विर : **मदन पौडेल***

अध्यक्ष कृष्ण बहादुर थापाको अध्यक्षतामा सम्पन्न उक्त अभिमुखीकरण कार्यक्रमका प्रमुख अतिथि घाँसीकुवा गा.वि.स.का सचिव रामराज न्यौपानेले घाँसिकुवा गा.वि.स.मा अपाङ्गताको क्षेत्रमा विभिन्न क्रियाकलापहरू भईरहेको र बाल बालिकाहरूलाई अपाङ्गता सम्बन्धी जानकारी दिन सकिएमा घर परिवार र अन्य साथीहरूमा पनि यसको सकारात्मक प्रभाव पर्ने बताउनु भयो । नागरिक वडा मञ्चका अध्यक्ष मिना पन्थले घाँसीकुवा गा.वि.स.मा अबका दिन अपाङ्गताको सवाललाई वडा देखि नै उठाउने बताउनु भयो । घाँसीकुवा बाल सञ्जालका अध्यक्ष सुनिल रेग्मीले अबका दिन हरेक बाल क्लबमा अपाङ्गता भएका बालबालिकाहरूलाई पनि समावेश गर्ने पहल गर्ने बताउनु भयो । रिसेडका अध्यक्ष मदन पौडेल र महासचिव दामोदर रेग्मीले सहजीकरण गर्नु भएको उक्त अभिमुखीकरण कार्यक्रमको सञ्चालन घाँसीकुवा अपाङ्गता गाउँ सरोकार समितिका सचिव मोहन बहादुर पन्थले गर्नु भएको थियो ।

## सञ्चार सम्बन्धी आचार संहितामा अपाङ्गताका सवाल सम्बन्धी सुझाव प्रस्तुत

**१ भदौ २०७३, जगदिशप्रसाद अधिकारी, काठमाण्डौ**

राष्ट्रिय अपांग महासंघ नेपालका महासचिव राजु बस्नेतको नेतृत्वमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको क्षेत्रमा काम गर्ने राष्ट्रिय स्तरका विभिन्न संस्थाका प्रतिनिधिहरू सहितको एक प्रतिनिधि मण्डलले प्रेस काउन्सिलका अध्यक्ष श्री बोर्ण बहादुर कार्की र पत्रकार महासंघका सभापति डा. महेन्द्र बिष्टलाई छुट्टाछुट्टै भेटी नयाँ बन्न लागेको सञ्चार सम्बन्धी आचार संहितामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका पक्षबाट सम्बोधन गर्नु पर्ने विषयहरूमा लिखित सुझाव पेश गरियो । सोही क्रममा सहभागीहरूले मस्यौदाको क्रममा रहेको आचारसंहितामा अपाङ्गता वा अपाङ्गता भएका व्यक्तिहरूका विषयमा संचार माध्यममा समाचार प्रकाशन गर्दा, प्रतिवेदनहरू बनाउँदा, श्रव्यदृष्यका सामाग्री निर्माण गर्दा र अपाङ्गताको विषयलाई जनमानसमा प्रस्तुत गर्दा सहि र सम्मान जनक शब्दावलीको अनिवार्य प्रयोग गर्नु पर्ने कुरा समावेश गर्न अनुरोध गर्नु भएको थियो ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष श्री बोर्ण बहादुर कार्की र पत्रकार महासंघका सभापति डा महेन्द्र बिष्टले सुझाव पत्र बुझ्दै महासंघले उठाएका सवालहरू असाध्यै समय सान्दर्भिक भएको र सहि समयमा नै महासंघले यी सुझावहरू पेश गरेको भन्दै नयाँ बन्न लागेको



*सञ्चार सम्बन्धी आचार संहितामा अपाङ्गताका सवाल सम्बन्धी सुझाव प्रस्तुत गर्दाको एक झलक । तस्विर : **जगदीशप्रसाद अधिकारी***

सञ्चार सम्बन्धी आचार संहितामा प्रस्तुत सुझावहरू समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । सोही क्रममा राष्ट्रिय अपांग महासंघ नेपालका महासचिव राजु बस्नेतले अपाङ्गता विषयलाई विकासको नविनतम अवधारणा र मानव विविधताको रूपमा ग्रहण गर्दै अपाङ्गता भएका व्यक्तिहरूको हक र अधिकारलाई पूर्ण सम्मान गर्न अपाङ्गता र अपाङ्गता भएका व्यक्तिको बारेमा प्रतिवेदन बनाउँदा, समाचार संकलन र सम्प्रेषण गर्दा, श्रव्यदृश्य र छापामा प्रकाशन गर्दा सहि र उपयुक्त शब्दावलीको प्रयोग गरि अपाङ्गताका सवालहरू र विषयहरूलाई वस्तुनिष्ठ र वैज्ञानिक तरिकाले प्रस्तुत गर्ने, कुनै पनि समाचार वा श्रव्यदृष्यका सामाग्री संकलन गरि सम्प्रेषण गर्दा अपाङ्गता भएका व्यक्तिलाई हास्य पात्रको रूपमा प्रस्तुत गर्ने, दया र मायाको रूपमा उल्लेख गर्ने, होच्याउने, गिल्लयाउने, बिचरा र दीन दुःखीको रूपमा चित्रण गर्ने , ईज्जत र प्रतिष्ठामा आँच आउने किसिमले प्रस्तुत गर्ने तथा कुनै कुरा बिग्रेको वा भत्केको वा केही नमिलेको भएमा अपाङ्गता विषयमा गाँसेर प्रस्तुत गर्ने वा अपाङ्गतासंग जोडेर उखान टुक्काको प्रयोग गर्ने कार्य गर्न नहुने विषयहरूलाई सञ्चार आचार संहितामा समावेश गर्नु पर्ने कुरा बताउनु भएको थियो ।

# नेत्रहिन युवा संघ नेपालको चौथो वार्षिक साधारण सभा सम्पन्न

**२९ साउन २०७३ गणेश सुवेदी, काठमाण्डौ**

नेत्रहिन युवा संघ नेपालको चौथो वार्षिक साधारण सभा तथा दोस्रो अधिवेसन काठमाण्डौंमा सम्पन्न भएको छ । सो कार्यक्रममा भएका व्यक्तिहरुको पहुँच हुनु पर्ने बताउनु भयो । त्यसै गरी नेपाल नेत्रहिन संघका अध्यक्ष रमेश पोखरेलले अपाङ्गता भएका युवाहरुलाई विभिन्न स्वरोजगारका कार्यक्रमहरुमा सहभागि गराउनु पर्ने, हरेक मन्त्रालयमा अपाङ्गता




*काठमाण्डौमा सम्पन्न नेत्रहिन युवा संघ नेपालको चौथो वार्षिक साधारण सभाको एक झलक । तस्विर : **गणेश सुवेदी***

नेकपा एमालेका केन्द्रिय सदस्य ठाकुर गैरेले अपाङ्गता भएका व्यक्तिहरुको लागि सहयोग गर्न नेकपा एमाले सदैव तयार रहेको बताउनु भयो त्यसै गरी नेत्रहिन युवा संघ नेपालका अध्यक्ष कलाधर भण्डारीले अपाङ्गता परिचय पत्रको दुरुपयोग रोक्नको लागि सम्बन्धीत निकायले चासो दिनु पर्ने, रोजगारमा अपाङ्गा डेक्स हुनु पर्ने बताउनु भयो । त्यसै गरी नेपाल अपाङ्ग महिला संघकी अध्यक्ष निर्मला धितालले नेत्रहिन युवा संघ नेपालसँग सदैब सहकार्य गरेर काम गर्ने बताउनु भयो । नेत्रहिन युवा संघ नेपालको चौथो वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशन कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका महासचिव राजु

बस्नेतले युवा लक्षित कार्यक्रमहरुमा अपाङ्गता भएका युवाहरुलाई पनि समावेश गर्नु पर्ने बताउनु भयो । सोही कार्यक्रममा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका महासचिव जगदिशप्रसाद अधिकारीले नेत्रहिन युवाहरुको सवालका विषयमा आफु र आफ्नो संस्था मार्फत सधै सक्दो सहयोग गर्ने बताउनु भयो ।

उक्त कार्यक्रमका प्रमुख अतिथि एवं युवा तथा खेलकुद मन्त्री दलजित श्रीपालीले अपाङ्गता भएका व्यक्तिहरुले पनि अन्य नागरिक सरह नेपाल सरकारले दिने सेवा सुविधाहरु पाउनु पर्ने बताउदै मन्त्रालबाट गरिने कार्यक्रमहरुमा उनीहरुलाई सहभागी गराउने बताउनु भयो । सो कार्यक्रमका अवसरमा नेत्रहिन युवा संघ नेपालको पहलमा र सेन्जभिएर्स् कलेजका विद्यार्थीहरुको सहयोगमा दृष्टिविहीन विद्यार्थीहरुलाई परीक्षामा लेखन सहयोगीको लागि सेन्जभिएर्स् कलेजकी विद्यार्थी एस्चर थापाको संयोजनमा १ सय जना सहयोगी लेखक सहभागी गराएर कलम नामक राइटर्स् क्लबको गठन गरियो । उक्त साधारण सभा तथा अधिवेसनले कलाधर भण्डारीको अधक्ष्यतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । जसमा उपाध्यक्षमा शिव कुमार चापागाँई, महासचिवमा रामचन्द्र गैरे, सचिवमा मिना के.सी. कोसाधक्ष्यमा सुनिल मान सिङ, चयन हुनुभएको छ भने सदस्यहरुमा पार्वती श्रेष्ठ, सरिता दाहाल, रिता खड्का, कपिल भट्ट, दामोदर बि. सि. दिनेश ज्ञवाली, चयन हुनु भएको छ ।

## कम्प्युटर तालिम सञ्चालन

**२९ श्रावण २०७३, संगीता पौडेल, कास्की**

श्रवणदृष्टिविहिन संघ कास्की तथा एविलिस फाउन्डेसन फिनल्यान्डको आर्थिक सहयोगमा कास्की जिल्लामा रहेका विभिन्न अपाङ्गता भएका व्यक्तिहरूको लागि ३ महिने कम्प्युटर तालिम सञ्चालन गरिएको छ । सो तालिम अपाङ्गता भएका व्यक्तिहरू सूचना प्रविधिसँग परिचीत गराइ दैनिक जीवनयापन तथा सूचना लिन वा दिन सकिने उदेश्यले सञ्चालन गरिएको हो । सो कार्यक्रममा बहिरा, शारीरिक अपाङ्गता तथा दृष्टिविहिन व्यक्तिहरूले तालिम लिने जानकारी गराइएको थियो । कम्प्युटर प्रशिक्षक–संजय शर्मा सांकेतिक भाषा र न्यून दृष्टि भएकाले कम्प्युटर सिकाइ मा सहजीकरण गर्न असजिलो भए पनि दोभाषेको सहयोगले सिकाइ सहज भएको अनुभव सुनाउनु भयो । त्यसै गरी श्रवणदृष्टिविहिन संघ कास्कीका अध्यक्ष पुष्प राज रिमालले जि. वि. स. र अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्ने विभिन्न संघ संस्थाहरूको तथ्यांक अनुसार कास्कीमा श्रवणदृष्टिविहिनको संख्या २१९ जना रहेको बताउनु भयो । डेनिस एशोशिएशनको आर्थिक र बहिरा संघ काठमाण्डौको प्राविधिक सहयोगमा रु २ लाख बराबरको सोलार सामाग्री सहयोग पाएकाले बिजुली लाइन नभएको बेला पनि कम्प्युटर सिकाउन सकिने संस्थाका महासचिव शक्ति प्रसाद लामिछानेले बताउनु भयो ।

# रोजगार दाताहरूलाई पुरस्कार प्रदान गरियो

**१ भदौ २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौ**

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले विभिन्न संघ संस्थाहरूको संयुक्त आयोजनामा अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूलाई रोजगार दिने केही निजी निकायहरूलाई समावेशी रोजगार पुरस्कार प्रदान गरिएको छ । काठमाण्डौमा गरिएको एक कार्यक्रममा बहिरा व्यक्तिहरूलाई रोजगारी दिए बापत देउराली फर्माका महाप्रबन्धक मिन प्रसाद पाण्डे र द बेकरी क्याफेका प्रमुख कार्यकारी अधिकृत श्याम कक्षपतिलाई समावेशी रोजगारदाता पुरस्कार सहित सम्मान गरिएको थियो । सो कार्यक्रममा उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले आगामी दिनमा पनि यस्ता विषयमा सरोकारवाला निकायहरूले ध्यान दिनु पर्ने, यसरी अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी उपलब्ध गराउनु हुने निकायहरू तथा व्यक्तिहरूलाई पुरस्कृत गर्न कार्यलाई निरन्तरता दिनु पर्ने र उद्योग वाणिज्य संघले यस्ता कार्यहरूमा सहकार्य गर्ने बताउनु भयो ।



*द बेकरी क्याफेका प्रमुख कार्यकारी अधिकृत **श्याम कक्षपति**लाई समावेशी रोजगार पुरस्कार प्रदान गर्दै राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष **सुदर्शन सुवेदी**। तस्विर : **शर्मिला विश्वकर्मा***




*देउराली फर्माका महाप्रवन्धक **मिन प्रसाद पाण्डेलाई** समावेशी रोजगार पुरस्कार प्रदान गर्दै उद्योग वाणिज्य महासंघका उपाध्यक्ष **दिनेश श्रेष्ठ** । तस्विर : **शर्मिला विश्वकर्मा***

त्यसै गरी राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले अन्य उद्योग तथा कलकारखानाहरूमा पनि अपाङ्गता भएका व्यक्तिहरूको रोजगारको लागि पहल गर्नु पर्ने, बताउनु भयो । त्यसै गरी समावेशी रोजगार पुरस्कार प्राप्त गर्ने देउराली फर्माका महाप्रबन्धक मिन प्रसाद पाण्डेले देउराली जनता फार्मेसीमा १८ जना बहिरा अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगार उपलब्ध गराउँदै आएको र निकट भविष्यमा पनि अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अनुसारको रोजगार उपलब्ध गराउने बताउनु भयो । त्यसै गरी द बेकरी क्याफेका प्रमुख कार्यकारी अधिकृत श्याम कक्षपतिले अवसर पाएको खण्डमा अपाङ्गता भएका व्यक्तिहरूले इमान्दारीताका साथ काम गर्ने बताउँदै आगामी दिनमा पनि अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीको लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो । यसै क्रममा उहाँले अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीको लागि उद्योग वाणिज्य महासंघले पहल गर्नु पर्ने कुरामा जोड दिनु भयो ।

# अपाङ्ग महिला मैत्री फुटबल सम्पन्न

**२९ साउन २०७३ शर्मिला विश्वकर्मा, काठमाण्डौं**

नेपाल अपाङ्ग फुटबल संघ र समाज संरक्षण युवा सर्कलको संयुक्त आयोजनामा अपाङ्ग मैत्री फुटबल प्रतियोगिता काठमाण्डौंमा सम्पन्न भयो । सो फुटबल प्रतियोगितामा अपाङ्ग महिला फुटबल क्लव र सगरमाथा अपाङ्ग महिला फुटबल क्लब विच खेल भएको थियो । उक्त प्रतियोगितामा अपाङ्ग महिला फुटबल क्लवले २ गोल र सगरमाथा अपाङ्ग महिला फुटबल क्लवले १ गोल हानेका थिए । फुटबल प्रतियोगिता पछि नेपाल अपाङ्ग फुटबल संघका अध्यक्ष प्रताप राउतले आपाङ्गता भएका व्यक्तिहरुको खेलकुदलाई अगाडी बढाउनको लागि आफु सदैव सहयोग गर्न तयार रहेको बताउनु भयो भने समाज स.रक्षण युवा सर्कलका अध्यक्ष रविन्द« दाहालले अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको लागि आगामी दिनमा पनि आफु सहकार्य गर्न तयार रहेको बताउनु भयो ।




*काठमाण्डौंमा सम्पन्न अपाङ्ग महिला मैत्री फुटबल प्रतियोगिताका सहभागीहरू । तस्विर : **शर्मिला विश्वकर्मा***